| | | | |
|---|---|---|---|
| Police/Traffic Offices | | | |
| Post Office | | | |
| Agri/livestock service centers | | | |
| CBOs/NGOs/INGOs | | | |
| Other Government Offices | | | |
| Others (Specify) | | | |

10. User Groups/Committee

| | Name | Location | Area (ha) | Total Member | Beneficiary Household |
|---|---|---|---|---|---|
| Community Forest | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| Other Forest | | | | | |
| Drinking Water | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

11. Historical/Religious/Archeological/Cultural places

| Name | Location | Significance |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

12. River Use and Potential Activities

12.1 General Use of Water

a. Irrigation
- Area/Location
- Beneficiary Household

b. Water Mill
- Types (Long Shaft/Short Shaft)
- Beneficiary Household (specify if any particular community depends)
- Months of Operation

c. Drinking Water

d. Electricity

e. Extraction/Collection of Sand/Gravel/Boulders
- Types of Materials
- Started Years
- Collection Points/Location
- Beneficiary Households/ family (Number of HH, population, Ethnicity etc)
- Dependent Household/family
- Expected Income

हुने भइ जमिनको क्षति हुने कुराको साथै जल प्रदुषण पनि बढने हुनाले वातावरणमा पर्ने यस्ता दुष्प्रभावहरुको न्युनीकरणका प्रावधानहरु उल्लेख गरीएका छन। ढुंगा, गिट्टी, वालुवाको संकलन/उत्खनन् कार्यले बसोबास क्षेत्रमा पर्ने वातावरणीय प्रभावहरुको न्युनीकरण गर्न प्रस्तावको वातावरणीय विश्लेषण गरी प्रभाव नियन्त्रण र सुरक्षाका उपायहरु अवलम्वन गर्न प्रस्तावकलाई अनिवार्य गरिएको छ।

त्यस्तै *खानी ऐन, २०४२ (संशोधन २०५०)* मा ढुंगा, गिट्टी, वालुवाको संकलन/उत्खनन् कार्यलाई ऐनको दायरा भित्र राखेको छ। खानी संचालन, कारोबार तथा प्रशासनिक गतिविधिलाई बैधानिक रुपमा समेटेको हुनाले खानी क्षेत्रको एकिकृत वातावरणीय प्रभावहरु अध्ययन गर्न धेरै उपयोगी हुनेछन।

*राष्ट्रिय भू-उपयोग नीति २०६९* ले भूमि, वातावरण र विकास बिच सन्तुलन कायम राख्दै जैविक विविधताको संरक्षण तथा सम्बर्द्धन गर्नुपर्ने (परिच्छेद ७.४.३), वन क्षेत्रको लागि निर्धारण गरिएको जग्गालाई अन्य प्रयोजनमा ल्याउन नपाइने (परिच्छेद ८.९.९) चुरे तथा भावर क्षेत्रको संरक्षण गर्नुपर्ने (परिच्छेद ८.४.८), तथा खोलानालको प्राकृतिक वहाव, सीमा र मापदण्डलाई असर पर्ने गरी भूमिको प्रयोग गर्न नपाइने व्यवस्था जस्ता कुराहरूमा जोड दिएको छ।

*स्थानीय निकाय स्रोत परिचालन तथा व्यस्थापन कार्यविधि २०६९* को परिच्छेद ४(२३ छ) मा कार्यक्रम वा आयोजना संचालन गर्दा वातावरण संरक्षण ऐन २०५३, वातावरण संरक्षण नियमावली २०५४, सामाजिक तथा वातावरणीय सुरक्षाको रूपरेखा २०६५ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गरेर मात्र सञ्चालन गर्नुपर्ने प्रावधान राखीएको छ। साथै स्थानीय निकायबाट सञ्चालित सबै आयोजनाहरूको आयोजना स्थलमै सार्वजनिक परीक्षण गर्नु पर्ने (परिच्छेद २३ त), जि.स.स.ले जिल्लामा संचालीत विभिन्न आयोजनाहरूको अनुगमन गर्ने प्रयोजनको लागि बाह्र सदस्यीय जिल्ला सुपरिवेक्षक तथा अनुगमन समिति गठन गर्नुपर्ने (परिच्छेद ५,३३) र आवश्यकता अनुसार उप-समितिहरू गठन गरी अनुगमन गर्न सकने आधार तय गरेको पाइन्छ।

*वातावरण निर्देशीका २०५७* ले वातावरणमा हुने प्रभावहरूलाई न्यूनिकरण गर्दै साना ग्रामीण पूर्वाधार योजनाहरू कार्यान्वय गर्नु पर्ने कुरामा जोड दिएको छ। प्रस्ताव चक्रका विभिन्न पक्षहरूको चरणहरूमा वातावरण व्यावस्थापन खासगरी वातावरण संरक्षण हुने गरी प्रस्ताव कार्यान्वयन गर्नुपर्ने र यदी आवश्यक भएमा नकारात्मक प्रभाव न्यूनिकरणका उपयाहरू अवलम्वन गर्नु पर्ने कुरामा जोड दिएको छ।

नेपाल सरकारले आठौं योजनको नीति कार्यन्वयनमा सहयोग पुगोस् भन्नाको लागी वातावरण संरक्षण ऐन र वातावरण संरक्षण नियमावली ल्याउनु अगाडीनै एक *राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका २०५०* लागु गरिसकेको छ। यो निर्देशिकाले अध्ययनको क्रममा जनसहभागिता जुटाउनु पर्ने,

आवश्यक सूचनाहरको संकलन गर्ने, विवादका विषयहरुको गम्भिरताको मूल्याङ्कन गर्ने र वातावरणीय अध्ययनको लागि विषयहरुको प्राथामिकताक्रम निर्धारण गर्ने कुराहरुलाई प्राथमिकताक्रम निर्धारण गर्ने कुराहरुलाई प्रष्ट रुपमा जोड दिएकोछ । त्यसै गरि *वातावरणीय योजना तर्जुमा निर्देशिका, २०५५ र वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका, २०६२* समेत जारी भएको पाईन्छ।यसका साथै मन्त्री परिषदको मिति २०६६/१२/१७ को निर्णय तथा व्यवस्थापिका संसद, प्राकृतिक श्रोत साधन समितिको निर्देशनले ढुंगा, गिट्टी, बालुवा संकलन सम्बन्धि जिल्लागत रुपमा एकीकृत कार्य योजना बनाउने, विशेषज्ञ टोलीबाट संकलन गर्न हुने वा नहुने भन्ने क्षेत्रको पहिचान गर्ने, जिल्ला अनुगमन तथा समन्वय समितिले Environment Strategic Assessment गर्ने रणनीति वनाउने आदि उल्लेख गरेको पाइन्छ ।

मिति २०६७/४/२१ गतेको *सर्वोच्च अदालतको आदेश,* २०७०/०१/०५ गते *मन्त्रीपरिषद बैठकले* गेग्रा, ढुङ्गा तथा वालुवाको नियमन गर्ने सम्बन्धिको निर्णय (ख) मा उल्लेख भए अनुसार प्राकृतिक स्रोत र साधनको संकलन, उत्खनन् वा दोहन अनियन्त्रित रुपमा नहोस् भन्नका लागि प्रत्येक जिल्लाले आफ्नो जिल्ला भित्र रहेका प्राकृतिक स्रोत र साधनको आँकलन गरी कुनक्षेत्रवाट कति हद सम्म संकलन, दोहन वा उत्खनन् गर्न सकिन्छ सो विवरण सार्वजनिक रुपमा प्रकाशन गरी त्यसैको आधारमा IEE/EIA गरेपछि मात्र ठेक्का बन्दोवस्त गर्ने सम्वन्धि उल्लेख गरिएको छ । भने मिति २०७०/०२/२६ मा मन्त्रिपरिषद, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट गठित उपसमितिबाट ढुङ्गा, गिटी बालुवा समेतको व्यवस्थापनको सन्दर्भमा प्रस्तुत प्रतिवेदनले पनि ढुङ्गा, गिटी बालुवाको उत्खनन् तथा संकलन गर्ने सम्वन्धिको मापदण्ड तयार पारेको र क्शर उद्योगहरुको कानुन अनुरुप भए-नभएको, संकलन, ओसार प्रसार, बिकी वितरण, ठेक्कापट्टा कार्यहरुको नियमित अनुगमन आदि जस्ता कुराहरु उल्लेख गरिएको छ । यसै अनुरुप वन तथा भूसंरक्षण मन्त्रालय, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयहरु बाट कार्यान्वयन गर्ने सम्बन्धिका पत्रहरुको पनि अध्ययन गरिएको छ । साथै वि.सं २०७१ साल आषाढ, श्रावण तथा भाद्र महिनामा नेपाल सरकारले चुरे क्षेत्र लगायत अन्य विभिन्न ठाउँहरु बाट ढुङ्गा, गिटी बालुवाको उत्खनन् तथा संकलन गर्ने कार्य तत्काललाई रोक्कागर्ने निर्णय गरिए अनुरुप उक्त महिनाहरुमा ढुङ्गा, गिटी तथा बालुवाको उत्खनन्, संकलन तथा ओसारअसार कार्यमा रोक लगाएको थियो ।

त्यस्तै *नेपाल वातावरणीय नीति तथा कार्ययोजना २०५० र २०५५* (Nepal Environmental Policy and Action Plan 1992 & 1998), *राष्ट्रिय संरक्षण रणनीति २०४५, माटो तथा जलाधार संरक्षण ऐन २०३१* हरूमा पनि प्राकृतिक तथा महत्वपूर्ण संसाधनहरूको संरक्षण गर्न जलाधार क्षेत्रहरूको संरक्षणमा जोड दिएको छ ।

मिति २०७४/९/५ को च.नं. ९० को <u>सघिंय मामिला तथा स्थानीय विकास मन्त्रालयको</u> परिपत्रअनुसार प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची तथा प्रतिवेदन स्विकृत गर्ने अधिकार जिल्ला समन्वय समितिलाई वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ बमोजिम नदीजन्य पदार्थको संकलन/उत्खनन् सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची तथा प्रतिवेदन स्वीकृत गर्ने अधिकार वातावरण संरक्षण नियमावली, २०५४ को नियम ५२ (२) बमोजिम जिल्ला समन्वय समितिलाई अधिकार प्रत्यायोजन गर्ने भनी नेपाल सरकार (मा. उपप्रधानमन्त्रीस्तर) बाट मिति २०७४/९/४ को निर्णय।

त्यस्तै मिति २०७५/४/३ को च.नं. २ बाट सोही अधिकार २०७५ पौष मसान्त सम्म रहने गरी **सघिंय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**बाट गरिएको परिपत्र।

**४.२ बहुपक्षिय वातावरणीय सम्झौताहरू (Multilateral Environmental Agreements)**

माथि उल्लेख गरेका ऐन नियमका अतिरिक्त नेपाल पक्ष भएका वातावरण सम्बन्धि केही अन्तराष्ट्रिय कानुनहरुलाई प्रस्ताव कार्यान्वयनका लागी प्रारम्भिक वातावरण परीक्षण कममा ध्यान दिनु पर्ने जरुरी देखिन्छ। नेपालले हस्ताक्षर तथा अनुमोदन गरेका अन्तराष्ट्रियस्तरका विभिन्न सन्धि वा महासन्धिहरुमा महत्वपूर्ण दस्तावेजको रुपमा रहेका छन। यस्ता अन्तराष्ट्रिय सन्धि तथा वा महासन्धिहरु Plant protection Agreement for South East Asia and Pacific, February-27,1956,Rome, Convention on Biological Diversity, June-5, 1992,Rio De Jenerio, CITES Convention on International Trade in Endangered Species or Wild Flora and Fauna, March-3,1973, Washington Convention on Wetlands or international importance, February-2,1971,विश्व सास्कृति तथा प्राकृतिक सम्पदा संरक्षण सम्बन्धि महासंधि (November-23,1972, Paris), अन्तराष्ट्रिय ट्रपिकल (Tropical) आदि प्रमुख छन्। यी महासन्धिहरुले प्राकृतिक श्रोत व्यवस्थापन तथा जीब र बनस्पति संरक्षणको सुनिश्चिताबाट वातावरण संरक्षण गर्न आबश्यक प्रावधानको व्याख्या गरेका छन्।

# अध्याय पाँच : बस्तुगत वातावरणीय अवस्थाको वयान (Description of theExisting Environmental Conditions)

## ५.१ भौतिक वातावरण (Physical Environment)

### ५.१.१ भू-स्थिति (Topography)

कुरिनघाट खोला, बारबागं खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदीको सोता बगर मध्य महाभारतीय क्षेत्रबाट उत्पत्ती भई त्रिशुली तथा नारायणी नदीमा बग्दछ । बारबागं अस्थायी प्रकृतिको बाहेक अन्य खोलाहरु बाह्रमासे रुपमा नदीजन्य पदार्थलाई Discharge गर्ने खोला हो । प्रारम्भिक वातावरणीय परीक्षण प्रयोजनको लागि कार्यसूची (ToR) दिशामा उल्लेख भएअनुसार यो क्षेत्र इच्छाकामना गाउँपालिकाको वार्ड नं. ३, ४ र ६ भित्र पर्दछ । भू-स्थितिको आधार हेर्दा यो खोला मध्य महाभारतीयक्षेत्र बाट उत्पत्ती भएर साना साना वेशी तथा बगर वनाउँदै अगाडि बढेको छ ।

### ५.१.२ माटोको प्रकार एवम भूगर्भ (Geology and Soil Types)

यस जलाधार क्षेत्रका फाँटहरुमा खैरो माटो (Ustochrepts-brown soils) सुख्खा माटो (Ustrothents-dry/shallow soils) सेपिलो माटो (Haplaquepts-wet soils) कालो माटो (Haplustoils-soils with black surface horizon) रातो माटो (Rhodustafs-red soils) पाइन्छ । यहाँ पाइएको माटो एवं चट्टानको स्थिति तथा भौगोलिक बनावटलाई हेर्दा यो क्षेत्र मध्य पहाडी क्षेत्र (Mid land Group), र सब-हिमालयन भौगर्भिक वेल्टमा पर्दछ । जसमा क्वार्टनरी डिपोजिट (Quarternary deposits) खासगरी एलुभियम र को-एलुभियल डिपोजिटहरू पाइन्छन् । यो क्षेत्रमा ओलिगोसिन (Oliogocene) देखि प्लेस्टोसिन (Pleistocene) अवधि सम्मका असंगठीत तथा भेद्य चट्टानहरु जस्तै बालुवा, बलौटो ढुङ्गा, मिटी तथा स साना ढुङ्गाहरू देखिन्छ । Phyllites, shale and Allivial deposits, sandy, silty clay तथा आसपासको पर्वतिय क्षेत्रबाट खिइएर आइ थुप्रिएको (Mountain wash deposits) बाट बनेको स-साना टार तथा वेसीनहरू पनि यस क्षेत्रमा देखिन्छ । प्रस्तावित क्षेत्र भित्र तिव्र जलक्षयिकरण (rapid fiuvial erosion), भू-स्खलन (landsides), तथा सतही क्षयिकरण (surface erosion) को प्रभाव कम देखिन्छ ।

### ५.१.३ जलाधार क्षेत्र (Basin Hydrology)

जलाधार क्षेत्र भन्नाले वन जंगल भित्र पर्ने ओशिलो ठाउँलाइ जनाउछ । सबै खोलाहरु पातले जंगली डाँडा, कृषिभुमी, सबै जलाधार क्षेत्र सुरक्षीत अवस्थामा छ । प्रस्तावित खोलाको नदीजन्य पदार्थको संकलन तथा उत्खनन् गर्ने क्षेत्र समुद्र सतहबाट २०० मिटरदेखी ४९८ मिटर सम्मको उचाईमा पर्दछ । कराकिला खोला वगरहरू, वर्षायायमा अत्यधिक मात्रामा हुने Discharge नै कुरिनघाट खोला,

वारबागं खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदीको सोता बगरको जलाधार क्षेत्रका प्रमुख विशेशताहरू हुन ।

### ३.१.४ जलवायु/हावापानी (Climate)

प्रस्तावित क्षेत्रमा शीतोष्ण, समशीतोष्ण तथा आंशिक उष्ण हावापानी पाईन्छ । अधिकतम तापक्रम ३४ डिग्री सेल्सियस र न्यूनतम तापक्रम १ डिग्री सेल्सियस सम्म हुने गर्दछ । यस क्षेत्र दक्षिणपूर्वी मनसुन बाट प्रभावित हुनाले असार देखी भाद्र सम्ममा प्रशस्त पानी पर्दछ । यो क्षेत्रको औषत बार्षिक वर्षा १३८ मि.मि. सम्म रहेको पाईन्छ । (स्रोत : गाउँ प्रोफाइल २०७५)

### ३.१.५ हावा र पानीको गुणस्तर र ध्वनीको मात्रा (Air and Water Quality and Noise Level)

प्रारम्भिक वातावरणीय परीक्षण गरेको क्षेत्र वरपर हातले उत्खनन्मा रहेको, प्रति दिन करिव २०–३० वटा ट्रयाक्टर, टिृपरहरु ओहोरदोहोर गरिरहने कारणले यस क्षेत्रमा धुवा धुलो तथा ध्वनी प्रदुषणको प्रभाव बढि देखिदैन । धुलोको प्रभाव खासगरी स्थानीय स्तरको भएतापनि धुवाँ तथा ध्वनीको प्रभाव बाट कुरिनटार, कुरिनघाट लगाायत बस्तीहरुमा समेत परेको पाईन्छ । त्यसैगरी हालको उत्खनन् प्रकृयामा हातले टिपेर, कुटो, कोदालो, बेल्चा प्रयोग गरिएको, खोलाको बहाव क्षेत्रवाट पनि बालुवा, गिट्टी जस्ता पदार्थहरुको उत्खनन् गरिएकोले कुरिनघाट खोला, वारबागं खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदीको सोता बगरमा पानीको गुणस्तरमा कमी आएको पाईन्छ तर यो प्रभाव स्थानीय स्तरको मात्र रहेको छ ।

### ३.१.६ भू-उपयोग (Land Use)

प्रस्तावित क्षेत्रको चितवन जिल्ला तर्फको भू-उपयोगलाई हेर्दा यहाँ कृषि र बसोबास नै मूख्य भू-उपयोग हो । हालैका बर्षहरुमा खासगरी खोला बगर क्षेत्रहरुमा कृषि र बस्ती बिस्तार हुदै गएता पनि बस्ती विस्तार, उद्योग तथा सडक यातायातको विस्तारको कारणले कृषिभूमी घट्दै गईरहेको छ । यस बाहेक बालुवा, ढुङ्गा, गिटीले पनि यस क्षेत्रको भू-उपयोगमा महत्वपूर्ण भूमिका खेलेको छ ।

## ३.२ जैविक वातावरण (Biological Environment)

### ३.२.१ वन तथा वनस्पति

प्रारम्भिक वातावरणीय परीक्षण गरिएको क्षेत्रमा जैविक विविधता तथा विभिन्न किसिमका, जाति र प्रजातिका वोटविरुवा तथा वनस्पतिहरू पाइन्छन । क्षेत्र अवलोकनको कममा यस क्षेत्रमा शीतोष्ण, समशीतोष्ण तथा आंशिक उष्ण हावापानीमा पाईने विभिन्न किसिमका वनस्पतिहरू रेकर्ड गरिएको छ । सिसौ, सिरिस, कोईरालो, सिसौ, चिलाउने, जामुन आदि प्रमुख रुखहरु तथा वनस्पतिहरु पनि पाइन्छ

यस्तै धुर्सुली, वनमारा, मसिनो काँडा, भोगटे, सिस्नो, वयर जस्ता घाँसे बनस्पतिहरु, र दतिवन, [illegible] झार, तिखेकुरो, सानोताप्रे, पिर्द्धेघाँस, चित्रेबन्सो, काँस, सिस्नो जस्ता औषधीजन्य बनस्पतिहरु पनि पाईन्छन । यस क्षेत्र वरपर कुनै किसिमका जोखिममा परेका वनस्पति वा दुर्लभ लोपोन्मुख वनस्पतिहरु पाइएनन् । यस क्षेत्रमा पाइने विभिन्न किसिमका वन तथा वनस्पतिहरूको विवरणलाई तालिका नं ६, ७ र ८ मा देखाइएको छ ।

**तालिका ६ : प्रस्ताव क्षेत्र आसपासमा पाइने मुख्य वनस्पतिहरू**

| Local Name | Botanical Name | Family |
|---|---|---|
| कोइरालो | Bauhinia variegate | Leguminosae |
| सिसौ | Dalberrgia sissoo | Leguminosae |
| कनायो | Ficus cinia Buch | Moraceae |
| पिपल | Ficus religiosa | Moraceae |
| बोट धँइरो | Lagerstroemia parviflora | Lythraceae |
| कुटमेरो | Litsea monopetela | Lythraceae |
| [illegible] | Mallotus philippensis | Euphorbiceae |
| अमला | Phyllanthus emblica | Euphorbiceae |
| चिलाउने | Schima wallichii | Theaceae |
| साल | Shorea roubusta Gaertn. | Dipterocarpaceae |
| जामुन | Syzygium cumini | Myrtaceae |

स्रोतः क्षेत्र अवलोकन, सामुदायिक अन्तरक्रिया २०७५

**तालिका ७ : मुख्य बुट्यान (Shrubs Species) वनस्पतिहरु**

| Local ame | Botanical Name | Family |
|---|---|---|
| असुरो | Adhatoda vasica | Acanthaceae |
| तितेपाती | Artemisia vulgaris | Compositae |
| धुर्सुली | Calebrikia oppositifolia . | Labiatae |
| वनमारा | Eupatorium odoratum | Compositae |
| बनरुन्दा, मसिनोकाँडा | Lantana camara. | Verbenaceae |
| भोगटे | Maesa macrophylla | Myrsinaceae |
| अम्लिसो | *Thysanolaena maxima* | Gramineae |
| सिस्नो | Urtica dioica | Urticaceae |
| धँइरो | Woodfordia fruticosa | Lythraceae |
| बयर | Zygiphus mauritiana | Rhannaceae |

स्रोतः क्षेत्र अवलोकन, सामुदायिक अन्तरक्रिया २०७५

**तालिका ८ : मुख्य जडिबुटीजन्य वनस्पतिहरू**

| Local Name | Botanical Name | Family |
|---|---|---|
| दतिवन | Achyranthes aspera L. | Amaranthacaea |
| तिखेकुरो | Bidens pilosa Linn. | Asteraceae |
| सानो ताप्रे | Cassia tora L. | Leguminosae |

| | | |
|---|---|---|
| पिर्देघाँस | Cympogon sp. | Gramineae |
| दुबो | Cynodon dactylon (L.) Pers. | Gramineae |
| चित्रे बन्सो | Digitaria ciliaris (Retz.) Koeler | Gramineae |
| काँश | Saccharum spontaneum L. | Gramineae |
| सिस्नो | Urtico dioca L. | Urticaceae |

स्रोतः क्षेत्र अवलोकन, सामुदायिक अन्तरक्रिया २०७५

### ३.२.२ वन्यजन्तु तथा चराचुरूङ्गी

प्रस्ताव प्रभावित क्षेत्रमा कहिलेकाँही विभिन्न किसिमका स्तनधारी तथा घर्षने जिवजन्तुहरू पाइन्छ । स्याल मूख्य मांशाहारी जीव हो भने बाँदर, लुंगुर, राते यस क्षेत्रमा पाईने अन्य स्तनधारी जीवजन्तुहरु हुन । विभिन्न प्रजातीका सर्प र छेपारो तथा black-spined toad (Bufo sp) र Indian bullfrog (Rana tigrina) जस्ता उभयचरहरु पनि यहाँ प्रसस्तै पाइन्छन् । त्यस्तै ढकुर, जुरेली, चिवे, काग, चिल, भँगेरा, सुँगा यस क्षेत्रमा प्रसस्त मात्रामा (तालिका ९) ।

**तालिका ९ : मुख्य तथा लोपोन्मुख स्तनधारी वन्यजन्तु तथा चराचुरूङ्गी**

| स्तनधारी | | चरा | |
|---|---|---|---|
| धेरै जसो पाइने | लोपोन्मुख दुर्लभ | धेरैजसो पाइने | लोपोन्मुख दुर्लभ |
| जंगली विरालो, लङ्गुर, स्याल, न्याउली, चितुवा | लङ्गुर | ढुकुर, जुरेली चिवे, काग, परेवा, चाँचर, लुइचे, चिल, कोक्ले, भँगेरा, सुँगा | गिद्ध, उल्लु |

**तालिका १० : प्रभावित क्षेत्रमा घिस्रने, जलचर तथा माछाहरूको विवरण**

| घिस्रने जीव | | उभयचर जीव | जलचर/माछा |
|---|---|---|---|
| धेरै जसो पाइने | दुर्लभ तथा लोपोन्मुख जीव | | |
| सर्प, छेपारो, गडौला, काजुरी | कछुवा | भ्यागुता, सर्प, गोहोरो | वाम, असला, कत्ले भिंगे, चिपचिपे बांगे माछा |

स्रोत : सामुहिक छलफल २०७५

### ३.३ सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरण (Socio-economic and Cultural Environment)

### ३.३.१ प्रस्ताव क्षेत्रको जनसंख्या तथा वस्तीहरू (Population)

प्रस्तावित क्षेत्र इच्छाकामना गाउँपालिकाको वार्ड नं. ३, ४ र ६ मा पर्दछ । यस क्षेत्रको कुल जनसंख्या १०,३६९ रहेको जसमध्ये ५,१५४ पुरुष तथा ५,२१५ महिलाको जनसंख्या रहेको छ (स्रोत : केन्द्रीय तथ्याङ्क विभाग २०६८) ।

### ४.३.२ जातिगत विवरण (Caste and Ethnicity)

प्रस्ताव प्रभावित क्षेत्रमा चेपाङ्ग, गुरुङ्ग, मगरहरूको बाहुल्य रहेको छ। यसबाहेक ब्राम्हमण, क्षेत्री र अन्य जनजातीहरुको पनि बसोबास रहेको छ। जातीगत आधारमा गाउँपालिकाको जनसंख्या निम्नानुसार रहेको छ।

तालिका ११ : जातजातियताको आधारमा जनसंख्या विवरण

| जातजाति | जनसंख्या | प्रतिशत |
|---|---|---|
| ब्राहमण | १२८८ | ४.८९ |
| क्षेत्री | १६७८ | ६.३७ |
| मगर | ३२९४ | १२.५ |
| गुरुङ्ग | ६७७९ | २५.७३ |
| तामाङ्ग | ११10 | ४.२१ |
| नेवार | ६४८ | २.४६ |
| चेपाङ्ग | ९४५३ | ३५.८७ |
| दमाई/कामी | ८२८ | ३.१४ |
| घर्ती | ८५१ | ३.२३ |
| राई | २४९ | ०.९५ |
| लामा | १७२ | ०.६५ |
| **जम्मा** | **२६३५०** | १०० |

स्रोत : गाउँ प्रोफाइल २०७५

### ४.३.३ शिक्षा एवं सारक्षता (Education and Literacy)

चितवन जिल्ला साक्षर जिल्लाको रुपमा घोषणा भइसकेको अवस्था भएकोले यस जलाधार क्षेत्रमा पर्ने बस्ती, समुदायको साक्षरता दर ९५ प्रतिशत भन्दा बढी रहेको देखिन्छ। प्रस्ताव प्रभावीत क्षेत्रमा आधारभुत तथा माध्यमिक विद्यालय जस्ता शैक्षिक संस्थाहरुबाट शैक्षिक सेवा प्रदान भइरहेको छ।

### ४.३.४ पेशा तथा आर्थिक क्रियाकलाप (Occupation)

जीवन निर्वाह खेती, सानोतिनो ब्यापार, ज्याला मजदुरी तथा वैदेशीक रोजगार नै प्रस्ताव प्रभावित क्षेत्रका वासिन्दाहरूको मुख्य आर्थिक क्रियाकलापहरू हुन। लगभग ६१ प्रतिशत जनसंख्या कृषि कार्य सँग सम्बन्धित कृयाकलापहरु गर्दछन् भने लगभग ३% संगठीत वा असंगठीत सेवा क्षेत्रमा कृयाशील छन्। अध्ययन अनुसार करिव एक तिहाई मानिसहरु सानातिना होटल, किराना पसल वा कुनै एक किसमिको ब्यापार पेशामा लागेका देखिन्छन्। वैदेशीक रोजगारका लागि छिमेकी भारत, तथा अन्य विकसित मुलुकमा जाने चलन बढ्दै गएको छ। यस्तो किसिमको वैदेशीक रोजगारले ग्रामीण जनताहरूको जीवन स्तरमा सकरात्मक प्रभाव पार्दै गएको छ। अध्ययनको क्रममा लगभग ४%

जनसंख्या वैदेशिक रोजगारको सिलसिलामा विदेशमा रहेको देखिन्छ । प्रस्ताव प्रभावित क्षेत्रमा सिकर्मी, डकर्मी, प्लम्विङ्ग, तथा विजुली/घर वाइरिङ्ग तथा सिलाईबुनाई सम्वन्धित तालिम प्राप्त दक्ष जनशक्तीहरू पनि छन् ।

माथि उल्लेख गरिएको आर्थिक क्रियाकलापहरूको अलावा प्रभावित क्षेत्रका धेरै जसो मानिसहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बारबागं, कुरिनघाट, धारापानी, त्रिशुली नदीको सोता बगर र रिग्दी खोला बाट ढुङ्गा, गिटी तथा बालुवाको संकलन तथा ढुवानी कार्यमा पनि संलग्न रहेका छन् ।

ज्यालादार लाई हेर्दा प्रस्ताव प्रभावित क्षेत्रमा वसोवोस गर्ने मानिसहरूले लिने ज्याला कामको प्रकृति र मौसम अनुसार फरक फरक रहेको छ । स्थानीय सरोकारवालाहरुको छलफलबाट यहाँका मजदुरहरुले प्रतिदिन ज्यालादर रू. ३०० देखी ७०० सम्म रहेको पाइयो । जसमध्ये प्रतिमहिलाले प्रतिदिन रु. ३०० र प्रतिपुरुषले प्रतिदिन रु. ७०० ज्याला लिने गरेको बताए । त्यस्तै मौसम अनुसार सबैभन्दा वढी ज्याला वर्षादको समयमा (रु.७०० पुरुष र रु. ५०० महिला) रहेको छ भने हिउँदको समयमा कम (रु. ५०० पुरुष र ३०० महिला) रहेको पाइयो । यसमा पनि सिकर्मी, डकर्मी तथा ड्राइभिङ्गहरूले वढी ज्याला लिने गरेका छन्

### ४.३.५ खानेपानी तथा स्वास्थ्यको स्थिति (Drinking Water Supply and Health Situation)

प्रस्ताव प्रभावित क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरूको खानेपानीको स्रोत धारा नै हो । लगभग ९०% भन्दा वढी जनसंख्याले सार्वजनीक धाराको प्रयोग गर्दछन् भने बाँकीले इनार, नदी खोला, मूलको प्रयोग गर्दछन् । त्यस्तै स्वास्थ्यको क्षेत्रमा यहाँ स्वास्थ्य चौकी, निजि मेडिकल रहेका छन् । यहाँका मानिसहरू औषधी उपचारका लागि यही सदरमुकाम भरतपुर, नारायणगढमा रहेका विभिन्न अस्पतालहरुमा जाने गर्दछन् । प्रस्ताव प्रभावित क्षेत्रमा अझै पनि उपचारमा परम्परागत पद्धति जस्तै धामी झाक्रीको प्रचलन रहेको छ ।

तालिका १२ : खानेपानी श्रोतको आधारमा घरपरिवार सम्बन्धि विवरण

| वार्ड नं. | इनार | धारा | नदि खोला | मुलको पानी | अन्य |
|---|---|---|---|---|---|
| १ | १२ | ५१४ | १५ | १९ | ३ |
| २ | ४८ | ५०८ | ११ | ३ | १२ |
| ३ | १० | ६१७ | २० | ६ | ५ |
| ४ | ९ | ६६१ | १६ | १३ | ८ |
| ५ | ३ | ५६२ | १९ | ४ | ११ |
| ६ | ३ | ५३१ | १० | ९ | ७ |
| ७ | ४ | ९९७ | ३ | २ | ६ |

स्रोत : गाउँबस्तुस्थिति विवरण २०७५



त्रि.

### ४.३.६ यातायात र पहुँच मार्ग (Transportation and Road Access)

प्रस्ताव प्रभावित क्षेत्रमा नारायणगढ मुग्लिन सडक तथा पृथ्वी राजमार्ग वाट खोलासम्म स्थानीय सडकमार्ग भएर जान्छ। यस सडकमा वस, ट्रक-ट्रिपरहरुको मध्य आवतजावत हुने गरेको छ। यसबाट प्रभावित क्षेत्रबाट दक्षिण तर्फ भरतपुर सम्म मानिस, वस्तु तथा सेवाहरूको आवतजावत सहज भएको छ। यो वाटो कच्ची तथा ग्राभेल भएकोले ठाउँ-ठाउँमा साँगुरो र विभिन्न स्थानमा मर्मत गर्नुपर्ने स्थितिमा रहेको छ। तर सामान्यतया यो सडकले आवतजावतको सुविधा प्रदान गरेको छ।

### ४.३.७ धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरू (Religious, Cultural and Historical Sites)

प्रस्ताव प्रभावित क्षेत्र भित्र धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वका कुनै पनि स्थलहरू छैनन् त्यसैले प्रस्तावित कार्यबाट यस्ता स्थलहरुमा कुनै किसिमको प्रभाव पर्ने देखिदैन।

### ४.३.८ सामुदायिक वन उपभोक्ता समुहहरू (Community Forest Users Groups)

*प्रस्ताव प्रभावित क्षेत्र आसपासमा सामुदायिक वनहरु पाइएन।*

### ४.३.९ खेत तथा सिँचाई सुविधा

प्रस्ताव प्रभावित क्षेत्रको आसपासमा सिचाई कुलाहरु रहेको पाइएन।

### ४.३.१० सुचना तथासंचार

प्रस्ताव प्रभावित क्षेत्रमा हुलाक, टेलिफोन, कम्प्युटर, टेलिभिजन जस्ता आधुनिक संचार तथा सुचनाका साधनहरुको उपलब्धता रहेको पाइयो।

### ४.३.११ विद्युत तथा उर्जा

प्रस्ताव प्रभावित वडामा विद्युतको सेवा पुगेको छ। भने स्थानीय स्तरमा खाना पकाउन, आगो ताप्न, जाडोयाममा पानी तताउन जस्ता कार्यहरुमा दाउराको प्रयोग गर्दछन्।

### ४.३.१२ बजार तथा खुद्रा व्यावसाय

प्रस्तावित प्रभावित क्षेत्रमा स साना खुद्रा पसल, चिया पसल, आदीको व्यापार व्यावसाय भएको देखिन्छ।

### ४.३.१३ बालुवा, ढुङ्गा, गिट्टी संकलन तथा प्रशोधन

हाल कुरिनघाट खोला, बारबागं खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदीको सोता बगरको तोकिएको क्षेत्रमा सामान्यतया बालुवा, ढुङ्गा, गिट्टी संकलन तथा प्रशोधन कार्य गर्ने गरिएको पाईन्छ।

स्थानीय केही मानिसहरु तिन, चार जनाको समुह-समुहमा रहेर संकलन गरिएको बालुवा, रोडा तथा गिट्टी स्थानीय उद्योगलाई बेच्ने गर्दछन् । यस्तो किसिमको कार्य निर्माण उद्योग नजिक कुरिनघाट खोला, [illegible] खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदीको सोता बगरको दाँया तर्फबाट नै अधिकमात्रामा गर्ने गरिएकोले यस क्षेत्रमा खोलाको धार बढी दाँयातर्फ भएर बगेको छ । बर्षातको समयमा पनि कहिलेकाँही तोकिएको क्षेत्रबाट संकलन कार्य गरेको पाईन्छ । संकलित बालुवा, रोडा, गिट्टी स्थानीय निर्माण उद्योगमा ल्याई बिक्री गरी बालुवा, भण्डारण गरी आवश्यकतानुसार ढुवानी गरिएको पाईन्छ ।

**३.४ वातावरणीय समस्याहरु (Environmental Problems)**

ढुङ्गा, गिटटी बालुवा उत्खनन् तथा संकलननका लागि चल्ने सवारी साधनहरु बाट निस्कीएको धुलोले स्थानीय वातावरणमा प्रदुषण गरेको छ । त्यस्तै बालुवा, ढुङ्गा, गिट्टी बोकेका ठुला तथा गह्रौ ट्रक-टिप्परहरुको आवतजावतको कारणले स्थानीय सडक भत्केको वा खाल्डाखुल्डी परेको छ । उत्खनन्, संकलन तथा ढुवानी कार्यले खोला धमिलो हुनगई पानीको गुणस्तर घट्न जाने गरेको पाइयो । त्यस्तै खोलाको वहाव क्षेत्र परिवर्तन हुदै गएको, खोला गहिरिने तथा वर्षातको समयमा खोलाको तल्लो क्षेत्रको दाँया तर्फको भागमा कटान हुन थाल्ने जस्ता समस्याहरु पनि देखिन थालेका छन् ।

# अध्याय छ : प्रस्ताव कार्यान्वयनका विकल्पहरू (Proposal Options and Alternatives)

## ६.१ प्रस्ताव कार्यान्वयन नगर्ने (No Proposal Option)

प्रत्येक वर्ष वर्षादको समयमा कुरिनघाट खोला, बारबागं खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदीको सोता बगरले बालुवा, ढुङ्गा वा गिट्टी बगाएर ल्याई किनारी क्षेत्र वा समतल भागमा थुपार्ने गर्दछ खोलामा आउने बाढीले आसपासको क्षेत्रमा डुबान र यसबाट धनजनको नोक्शान हुन जाने देखिन्छ । उत्तर पहाडी क्षेत्रबाट बगाएर ल्याएका बालुवा, ढुङ्गा, गिट्टी जस्ता नदीजन्य पदार्थहरू खोलाले आफ्नो सतह वा किनारी भागमा थुपार्दै जाने भएकोले कुरिनघाट खोला, बारबागं खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदीको सोता बगरको सतह पनि बढ्दै जाने हुन्छ । कुरिनघाट खोला, बारबागं खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदीको सोता बगर बगरबाट ढुङ्गा, बालुवा, गिट्टी संकलन तथा उत्खनन कार्यबाट खोलावेशी गहिरीने, आसपासको क्षेत्र अस्थिर हुनजाने तथा स्थानीय अस्थायी सिंचाई कूलो तथा बाँधहरूका प्रभाव पर्न सक्ने हुनाले यस खोलाबाट बालुवा, ढुङ्गा वा गिटीको संकलन तथा उत्खनन गर्नू हुँदैन भन्ने विकल्प पनि हुन्छ । तर जे जस्तो प्रभाव परेता पनि त्यो छोटो अवधिको लागि, सिमित क्षेत्रमा तथा यसबाट पर्ने नकारात्मक प्रभाव पनि कम हुन जान्छ । त्यसैले विकल्पको विश्लेषण गर्दा कुरिनघाट खोला, बारबागं खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदीको सोता बगरबगर क्षेत्रबाट ढुंगा, गिट्टी, वालुवाको संकलन/उत्खनन नगर्ने विकल्पलाई अस्विकार गरिएको छ । किनकी ढुंगा, गिट्टी, वालुवाको संकलन/उत्खनन नगर्ने हो भने-

- खोलाको सतहक्रमिक रुपमा उक्सिदै जान्छ र बाढीको प्रकोप बढ्न जान्छ ।
- प्राकृतिक श्रोतको सदुपयोग हुन पाउदैन ।
- स्थानीयबासीको रोजगारीको अवसरमा बाधा पुग्छ ।
- गाउँपालिकाको आन्तरिक श्रोत बन्द हुन्छ ।

## ६.२ प्रस्तावका विकल्पहरू (Proposal Options)

कुरिनघाट खोला, बारबागं खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदीको सोता बगरमा दिगो रुपमा वालुवा, ढुङ्गा तथा गिट्टी संकलन तथा उत्खनन् कार्यबाट खोलाको प्राकृतिक वहावमा नियमितता हुने, छेउछाउका मानव वस्ती तथा खेतीयोग्य जमिनहरूको सुरक्षा हुनजाने तथा गाउँपालिकालाई पनि आफ्नो आन्तरिक आयस्रोत वृद्धि गर्न मद्दत पुग्न जाने हुनाले यस खोलाबाट थुप्रिएर रहेको र खेरजाने बालुवा, ढुङ्गा, गिट्टीहरूको दिगो व्यवस्थापन गर्नु नै उपयुक्त हुन जान्छ ।

बालुवा, ढुङ्गा, गिट्टीको संकलन उत्खनन कार्यबाट खोला आफ्नो पुरानो बहावक्षेत्र भएर बग्ने, स्थानीय बस्ती तथा खेत बगरमा कुनै किसिमको असर नपर्ने, स्थानीय कुलाहरुमा पनि असर पर्दैन । तथापी

जमिन थर्किने, प्रदुषण बढ्न जाने जस्ता नकरात्मक प्रभावहरू पर्न जाने भएता पनि तिनको प्रभाव स्थानीय स्तरमा छोटो अवधिको मात्र हुन्छ, त्यसलाई प्रभाव न्युनिकरणका उपायहरूको माध्यमबाट कम गर्न सकिन्छ । त्यसैले दिगो सामाजिक, आर्थिक, वातावरणीय विकास तथा रोजगारी वृद्धिको लागि पनि प्रस्ताव कायान्वयर्न गर्नु उपयुक्त हुन जान्छ ।

### ६.२.१ वैकल्पिक क्षेत्रहरू (Alternative Site)

कुरिनघाट खोला, बारबागं खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदीको सोता बगर अगाडी बढ्ने क्रममा साना ठूला बगर क्षेत्र पनि बनाएको छ । तर यस क्षेत्रको सबै ठाउँबाट बालुवा, ढुङ्गा, गिट्टी निकाल्नु उपयुक्त पनि छैन र खोला बगरमा भए जति सबै ढुङगा, गिट्टी, बालुवा निकाल्नु पनि वातावरणीय दृष्टिकोणले उपयुक्त हुँदैन । यस क्षेत्रमा ढुङ्गा/गिट्टी मिश्रीत बालुवा पर्याप्त मात्रामा रहेको देखिन्छ । खोलाको अन्य भागबाट पनि ढुङगा, गिट्टी तथा बालुवा संकलन गर्न सकिन्छ, तर प्रस्तावित क्षेत्र बाहेकको अन्य क्षेत्रबाट संकलन वा उत्खनन् कार्य गरेमा यसबाट अस्थायी सिंचाई बाँध तथा कुलोमा प्रभाव पर्नजाने देखिन्छ ।

### ६.२.२ वैकल्पिक समय-तालिका एवं विधि (Alternative Schedule and Process)

बालुवा, ढुङ्गा, गिट्टीको संकलन उत्खनन कार्य दिनको समयमा गर्नुपर्दछ । रातीको सयमा संकलन, उद्योग संचालन तथा ट्रक-ट्रिपरहरुको आवातजावतको कारणले स्थानीय मानिसहरूलाई झर्को लाग्ने, धुवाँ-धुलो-ध्वनीको कारणले मानव तथा जीवजन्तुहरुको स्वास्थ्य तथा वासस्थानमा नकारात्मक असर पर्नजाने देखिन्छ । जीवजन्तुहरूको आवतजावतमा समेत असर पर्ने हुनाले रात्रीको समयमा प्रस्तावित कार्य गर्नु हुँदैन । बालुवा, ढुङ्गा, गिट्टीहरुको संकलन, उत्खनन् वा ढुवानी कार्यमा स सना उपकरणहरू, एक्साभेटर, प्रयोग गरी स-साना ट्रक ट्रिपर तथा ट्याक्टरहरुको प्रयोगलाई बढाउनु पर्दछ । साथै बर्षादको समय (असार-भदौ) मा संकलन कार्य गर्नुहुँदैन । बर्षादको समयमा संकलन तथा उत्खनन् गर्नाले एकातिर खोलामा अनुमानित पुन : पुरिने गहिराही (Replenish depth) नपुरिएर दिगो रुपमा नदीजन्य पदार्थहरुको संकलन् तथा उत्खनन् गर्न सकिदैन भने अर्कातर्फ संकलन् तथा उत्खनन् कार्यमा प्रयोग गरिने ट्रक ट्याक्टरहरूको आवतजावत बाट सडक बिग्रने, खाल्डाखुल्डी पर्नजाने र खोलाले आफ्नो बहाव क्षेत्र परिवर्तन गर्न गई सम्भावित बाढी र कटानको समस्या बढन जानसक्छ ।

### ६.२.३ वैकल्पिक स्रोत साधन (Alternative Resources)

कुरिनघाट खोला, बारबागं खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदीको सोता बगर बगर क्षेत्रबाट बालुवा, ढुङ्गा, गिट्टी संकलन उत्खनन कार्यको लागि छुट्टै थप स्रोत तथा साधनहरूको आवश्यकता देखिदैन । गाउँपालिकाले तोकेको मापदण्ड अनुसार अनुमति लिएका व्यावसायीहरूले वातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरी तोकिएको क्षेत्रबाट तोकिएको परिमाणमा मात्र संकलन र ढुवानी गर्नुपर्ने हुनाले यस प्रस्ताव कार्यन्वयन प्रयोजनको लागि थप स्रोत साधनहरूको आवश्यकता पर्ने देखिदैन ।

## अध्याय सात : प्रभाव पहिचान, अनुमान एवं मूल्याङ्कन (Impact Identification, Prediction and Evaluation)

यस अध्यायमा बारबागं, कुरिनघाट, धारापानी, त्रिशुली नदीको सोता बगर र रिग्दी खोलाबगर क्षेत्रबाट बालुवा, ढुङ्गा, गिट्टी निकाल्ने तथा ढूवानी कार्यबाट स्थानीय भौतिक, जैविक, सामाजिक आर्थिक क्षेत्रमा के कस्तो प्रभाव पर्न जान्छ भनेर उल्लेख गरिएको छ । वातावरणमा पर्न जाने समग्र प्रभावहरूलाई सकरात्मक तथा नकरात्मक (अनुकुलन वा प्रतिकुल) प्रभावहरुको रूमपा बाँडेर छुट्टाछुट्टै विश्लेषण गरिएको छ ।

### ७.१ भौतिक वातावरण (Physical Environment)

प्रत्येक वर्ष खासगरी वर्षादको समयमा यस खोलाले नियमित रुपमा ढुङ्गा, गिट्टी, बालुवा वगाएर ल्याउछ । जव खोलाले आफ्नो आधारसतह (base level) प्राप्त गर्दछ वा समतल क्षेत्रमा पुग्दछ, तव बगाएर ल्याएका पदार्थहरू थुप्रिने क्रम सुरु हुन्छ । यसबाट एकातिर खोला सतह बढ्न जान्छ भने अर्कोतर्फ बाढीले आसपासको क्षेत्रमा कटान गर्ने र बाढी पसी सार्वजनिक तथा नीजि सम्पतीहरुको नोक्सान गर्दछ । त्यसैले वर्षेनी थुप्रिएर रहेको यस्ता ढुङ्गा, बालुवा र गिट्टीहरूको उपयुक्त तरीकाले निकाल्नाले खोलाको प्राकृतिक वहावमा नियमितता हुनजाने तथा खोला सतह बढेर आसपासको क्षेत्रको कटान हुन सक्ने सम्भावनहरू पनि कम हुन जान्छन् ।

त्यसैगरी ढुङ्गा, गिट्टी बालुवाको संकलन वा उत्खनन कार्यबाट गाउँपालिकाको आन्तरिक आय स्रोतमा समेत सुधार आउँदछ । तोकिएको ठाउँबाट तोकिएको समयमा तोकिएको मापदण्ड विधि प्रयोग गरेर तोकिएको परिमाण मात्र निकाल्नाले गाउंपालिकालाई प्रतिवर्ष कुल रु. २,०४५,३९८.१३ प्रत्यक्ष रूपमा आम्दानी हुनजान्छ । यसबाट गाउँपालिकालाई आफ्ना योजनाहरूको संचालन, मर्मत तथा थप कार्यान्वयन गर्नको लागि सहज पुग्न जान्छ ।

कुरिनघाट खोला, बारबागं खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदीको सोता बगरबगर क्षेत्रबाट वालुवा, ढुङ्गा, गिट्टीको संकलन उत्खनन् र ढूवानी कार्यबाट प्रत्यक्ष रूपमा स्थानीय मानिसहरूले रोजगार पाएकाछन् । विगतका वर्षहरू देखिनै स्थानीय वस्ती खासगरी झगंझुगें, सीमगौडा लगायत अन्य वरिपरीका बस्तीहरुबाट करिव ३५ जना मानिसहरु प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुरिनघाट खोला, बारबागं खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदीको सोता बगरको बालुवा, ढुङ्गा वा गिट्टीको संकलन तथा ढुवानी कार्यमा संलग्न रहेको पाइन्छ । यसबाट उनीहरूलाई आफ्ना आवश्यकताहरू पुरागरी सहज जीवन निर्वाह गर्नको लागि सहयोग पुगेको छ । खासगरी यस क्षेत्रमा वसोवास गरेका चेपाङ्ग, गुरुङ्ग तथा अन्य जातीहरु प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बारबागं, कुरिनघाट, धारापानी, त्रिशुली नदीको सोता बगर र रिग्दी खोलाबगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा निकाल्ने, लोड गर्ने, ढुवानी गर्ने कार्यसँग सम्बन्धित कामहरु गरीरहेको छन् । यस कार्यबाट स्थानीय

स्तरमा रोजगारीका अवसरहरुको सृजना हुने, श्रमिकहरुमा प्राविधीक सीप क्षमता विकास हुन जाने देखिन्छ। तर यस्तो प्रभाव छोटो अवधिको लागि निश्चित समयमा हुने भएता पनि प्रत्यक्ष तथा उच्च महत्व हुनजाने देखिन्छ।

कुरिनघाट खोला, बारबागं खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदीको सोता बगरको तोकिएको क्षेत्रबाट बालुवा, ढुङ्गा, गिट्टीको संकलन उत्खनन् कार्य गर्नाले खोला आफ्नो निश्चित मार्ग भएर बहन्छ र यसबाट खोला वरिपरिका खेतीयोग्य जमिनहरुको सुरक्षा हुनगई खाद्यान्न उत्पादनमा वृद्धि हुन जाने देखिन्छ। विगतका बर्षहरुमा पनि खोलाको तोकिएको क्षेत्रबाट बालुवा, ढुङ्गा, गिट्टीको संकलन उत्खनन् कार्य गर्नाले वरिपरिका खेतीयोग्य जमिनहरुको सुरक्षा भई खाद्यान्न परनिर्भता कम हुने गरेको थियो। त्यसैगरी स्थानीय वासिन्दाहरुको निर्माण सामाग्रीको आवश्यकता पुरा हुने तथा स्थानीय पूर्वाधारहरु खासगरी स्थानीय सडकहर मर्मतसुधार गर्नकार्यमा पनि मद्धत पुग्नजान्छ।

कुरिनघाट खोला, बारबागं खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदीको सोता बगर बालुवा, ढुङ्गा, गिट्टी निकाल्ने, संकलन र ढुवानी गर्ने कार्यबाट त्यहाँको भौतिक वातावरणमा ठूलो क्षती हुने देखिदैन। प्रस्तावित कार्यबाट खोला गहिरीने, खोलाले आफ्नो बहावको बाटो बदल्ने र छेउछाउँको जमिन अस्थीर हुने, थर्कने हुन जान्छ।

प्रस्तावित कार्यबाट खोलाले आफ्नो प्राकृतिक वहाव अस्थायी रूपमा वदल्न जाने तर यस्ता प्रभावहरू स्थानीय स्तरको भएतापनि दीर्घकालिन महत्वको हुन्छ। त्यसैले प्रभाव न्युनिकरणका उपयुक्त विधिहरू प्रयोगगरी प्रस्ताव कार्यान्वयन गरेमा यसबाट हुने प्रतिकुल प्रभावलाई कम गर्न सकिन्छ।

## ७.२. सामाजिक, साँस्कृतिक तथा आर्थिक वातावरण (Socio-economic and Cultural Environment)

प्रस्तावित कार्यबाट यस क्षेत्रबाट जिल्ला बाहिर समेतका मानिसहरूको आवतजावत हुन जान्छ। ट्रक, ट्याक्टर वा बालुवा ढुङ्गा, संकलन ढुवानी कार्यमा धेरै मानिसहरू लाग्ने भएकाले उनीहरूको व्यावहार, बोलिचाली तथा हिडाइ वा लगाईले स्थानीय वासिन्दाहरू खासगरी युवा तथा बालबालिकाहरूले नक्कल गर्न सक्ने हुनाले प्रस्तावित आसपास बसोबास गर्ने बासिन्दाहरूको सामाजिक सम्बन्ध, मुल्य तथा मान्यताहरूमा परिवर्तन हुनजान्छ। यस्तो किसिमको प्रभाव अप्रत्यक्ष रूपमा छोटो अवधिको लागि र स्थानीय स्तरको हुन जान्छ। प्रस्तावित क्षेत्र आसपासमा धार्मिक तथा ऐतिहासिक महत्वका स्थलहरू नहुनाले यस क्षेत्रमा खासै प्रतिकुल प्रभाव पर्न सक्ने देखिदैन।

बालुवा, गिट्टी तथा ढुङ्गा उत्खनन्, संकलन र ढुवानी गर्ने कार्यबाट सवैभन्दा बढी श्रमिक र स्थानीय मानिसहरूको स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्न जाने हुन्छ। हिउँदको समयमा बारम्बार आवतजावत गर्ने ट्रक, ट्याक्टरहरूबाट निस्कने धुलो, धुवा तथा आवाजले स्थानीय मानिसहरूमा रूघा खोकी तथा आँखाको समस्याहरू आउँदछ। यसबाट दीर्घकालमा आँखा र श्वासप्रश्वास सम्बन्धि रोग लाग्न सक्छ। साथै चिलाउने र ऐलर्जी जस्ता छालामा हुने रोगहरू पनि देखिन जान्छन्। यस्तो किसिमको प्रभाव छोटो अवधिको लागि स्थानीय स्तरमा हुने भएता पनि दीर्घकालिन महत्वको हुन्छ।

### ७.३ जैविक वातावरण (Biological Environment)

प्रस्तावित कार्यबाट स्थानीय वन वनस्पतिमा खासै प्रभाव पर्दैन । प्रस्तावित कार्य छेउछाउमा सामुदायीक बन नभएकोले नदीजन्य पदार्थ संकलन तथा उत्खनन् कार्यले जैविक वातावरणमा पर्ने प्रभाव ज्यादै न्युन हुनजान्छ तर पनि ढुवानी कार्यबाट सडक छेउछाउका वन वनस्पतिहरुमा केहि (प्रतिकुल) प्रभाव पर्दैन । बाटो छेउछाउँका स-साना नर्सरी तथा बोट विरूवाहरू विनास हुन सक्ने देखिन्छ । यसको साथै यस कार्यमा संलग्न मजुदरहरूबाट छेउछाउमा चराचुरूङ्गीहरू मार्ने कार्य हुन जान्छ । तर यो प्रभाव स्थानीय प्रकृतिको अल्पकालिन हुने हुनाले धेरै महत्वपूर्ण हुँदैन । स-साना प्रतिकुल प्रभावहरूलाई न्युनिकरण गरी प्रस्तावको कार्यान्वयन गर्नु पर्ने हुन्छ ।

### ७.४ रासायनिक वातावरण (Chemical Environment)

प्रस्तावित कार्यबाट वातारणमा रासायनिक प्रभाव (इन्धन, लुब्रिकेन्टस, अम्ल तथा अन्य रसायनहरू) को चुहावट हुने गर्दछ र यसले वातावरणलाई असर गर्दछ ।

प्रस्ताव कार्यबाट हुन जाने प्रभावहरूको आंकलन, पहिचान र अनुमानलाई तालिका १३ मा देखाइएको छ ।

तालिका १३ : प्रभावहरूको पहिचान र अनुमान

| क.सं. | विषयवस्तु | प्रभाव | तरिका/विधि | प्रभाव बढोत्तरीकरण/न्युनिकरण गर्ने उपायहरू |
|---|---|---|---|---|
| क. भौतिक वातावरण | | | | |
| १. | बाढी एवं अन्य जल उत्पन्न प्रकोप | घट्छ | • IEE प्रतिवेदन अनुसार नदीजन्य पदार्थ संकलन उत्खनन् गर्ने | • खोलाको वहावलाई रोक्ने गरी थुप्रिएको ढुङ्गा, बालुवा, गिटीलाई सीफारिस गरिए अनुसार संकलन उत्खनन् गर्ने |
| २. | खोलाको बहाव | नकारात्मक | • जथाभावी बाट ढुङ्गा बालुवा गिटी निकाल्ने गरेमा<br>• खोलाको मुख्य वहाव क्षेत्रबाट उत्खनन कार्य गरेमा | • IEE ले तोकिएको र सिफारिस गरिएको क्षेत्र/ठाउँबाट मात्र संकलन उत्खनन गर्ने<br>• संकलन तथा उत्खनन कार्यमा एक्साभेटर र ठूला मेसिन आवश्यक्ता भन्दा बढी प्रयोग नगर्ने<br>• खोलाको वहाव क्षेत्र भित्र र किनारी भागबाट संकलन कार्य नगर्ने |
| ४. | सडकमा पर्ने असर | नकारात्मक | • सडक भत्कन सक्ने वा खाल्डाखुल्डी परि बिग्रन सक्ने | • भत्केको वा बिग्रेको सडक मर्मत सुधार गर्ने |
| ५. | पानी तथा सरसफाईमा पर्ने असर | प्रदुषण बढ्छ | • संकलन कार्यमा क्रियासील जनशक्ति तथा ट्रक ट्याक्टरहरूको आवत जावतको कारणले धुलो धुवा उड्ने तथा जथाभावी दिशा पिसाव गर्नाले वातावरण फोहोर हुने | • प्रस्ताव कार्यान्वयन क्षेत्रमा अस्थायी प्रकृतिको शौचालय निर्माण गरी प्रयोगमा ल्याउने<br>• उत्खनन कार्य खोलाको वहाव क्षेत्र छेउछाउँमा नगर्ने<br>• अति आवश्यक भएमा बाहेक अन्य अवस्थामा खोलामा गाडी धुने लाने जस्ता कार्यहरूमा रोक लगाउने |
| ६. | धुलोपन तथा ध्वनी | बढ्छ | • संकलन उत्खनन तथा ढुवानी कार्यबाट धुलो-धुवा तथा ध्वनी बढ्न गई मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्न जान्छ | • संकलन उत्खनन् कार्यमा मास्क, पञ्जाको प्रयोग गर्ने<br>• रात्रीको समयमा ढुवानी तथा संकलन कार्य नगर्ने<br>• ट्रक-ट्याक्टरहरूको समय समयमा सर्भिसिङ्ग गर्नुपर्ने, पाटपुर्जाहरूको निरिक्षण गर्नुपर्ने<br>• बढी ध्वनी निकाल्ने ट्रक-ट्याक्टरहरूलाई आवत जावतमा रोक लगाउने |
| ७. | फोहोर मैला एव खेरजाने सामाग्री | प्रदुषण बढाउँछ | • जथाभावी निर्माण सामाग्री तथा खेरजाने वस्तु थुपार्नले | • खेरजाने सामग्रीहरूको अनावश्यक संकलन नगर्ने<br>• उत्खनन् कार्यबाट उत्पादन हुने By Product (Wastage) को |

| | | | | |
|---|---|---|---|---|
| | | | | उचित व्यावस्थापन तथा बिसर्जन गर्ने<br>• एक निश्चीत क्षेत्रमा ग्यारेजको व्यवस्था हुनु पर्दछ<br>• वढी र आसपासको क्षेत्रमा अनावश्यक सामाग्रीहरू नथुपार्ने<br>• उत्खनन् भएका खाडलहरुमा छेउछाउँको सामाग्रहिरु (ढुगां, गिट्टी, वालुवा) राखी खाडल पुर्ने<br>• स्थानीय कच्ची/कृषि सडकहरुमा ग्राभेलमा प्रयोग गर्न सकिने तथा हिलो हुने ठाउँहरुमा प्रयोग गर्न सकिने |
| **ख. सामाजिक आर्थिक एवं सांस्कृतिक वातावरण** | | | | |
| १. | आयस्रोत एवं रोजगारीको अवसरहरू | बढ्छ | • बालुवा, ढुङ्गा, गिटी निकाल्ने कार्यबाट स्थानीय बासिन्दाहरूको आयस्रोतमा वृद्धिभई जीवन निर्वाहमा सरलता आउँदछ (विगतका वर्षहरूमा पनि लगभग ३५ जना भन्दा बढीले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यसबाट रोजगारी पाएका थिए) | • बालुवा, ढुङ्गा वा गिटी संकलन तथा उत्खनन कार्यमा स्थानीय वासिन्दाहरूलाई प्राथमिकता दिने<br>• बालुवा, ढुङ्गा वा गिटी संकलन तथा उत्खनन् कार्य गर्ने मजदुरहरुको ज्यालादरमा महिला र पुरुषको विचमा असमानता हटाई बराबर ज्याला दिने । |
| २. | बाटो/सडक सञ्जालअवस्था र प्रभाव | बढ्छ | • सडक भत्कन सक्ने वा खाल्डाखुल्डी परि बिग्रन सक्ने | • बाटोको प्रयोगकर्ता (ठेकेदार र ट्रक-ट्याक्टर व्यावसायी) हरूले विग्रीएको बाटो मर्मत तथा सुधार गर्नु पर्दछ |
| ३. | स्थानीय तहको आयस्रोत | बढ्छ | • प्रस्तावित क्षेत्रमा सिफारिस गरिएको ठाउँबाट बालुवा ढुङ्गा, गिट्टी निकाल्दा गा.पा.लाई रू. २,०४५,३९८.१३ बराबरको आन्तरिक आयमा वृद्धि हुन जान्छ | • सिफारीस गरिएको ठाउँबाट तोकिएको मात्रा भन्दा बढी परिमाणमा संकलन र उत्खनन नगर्ने<br>• नियमित अनुगमन स्थानीय तह, वडा तथा अनुगमन समितिबाट गर्ने |
| ४ | निर्माण सामाग्रीहरुको उपलब्धता | बढ्छ | • स्थानीय वासिन्दाहरुलाई आवश्यक पर्ने निर्माण सामाग्रीहरुको उपलब्धता हुने | • स्थानीय वासिन्दाहरुलाई आवश्यक पर्ने बालुवा, गिट्टी जस्ता निर्माण सामाग्रीहरु आवश्यक परेमा स्थानीयलाई प्राथमिकता दिई बेच्ने |
| ५. | धार्मिक/सांस्कृतिक एव ऐतिहासिक स्थल | प्रभाव नपर्ने | • प्रस्तावित क्षेत्रको सिफारीस गरिएको ठाउँ वरिपरी कुनैपनि | |

| | | | | |
|---|---|---|---|---|
| | | | धार्मिक/सांस्कृतिक एवं ऐतिहासिक स्थलहरु नभएको | |
| ६. | पेशागत स्वास्थ्य एवं सुरक्षा | विग्रन्छ | • धुलो धुँवा र अवाजले मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्ने<br>• जथाभावि दिशापिसाव गर्नाले बातावरण प्रदुसीत हुने<br>• ढुङ्गा, गिट्टी, वालुवा संकलन उत्खनन तथा लोडीङ्ग गर्ने क्रममा चोटपटक लाग्ने | • कामदारहरूले पञ्जा, मास्क र हेल्मेटको प्रयोग गर्ने<br>• प्रस्ताव क्षेत्रमा अस्थायी शौचालयको निर्माण गर्ने<br>• प्रस्ताव क्षेत्रमा प्राथमिक उपचारका सामाग्रीहरुको व्यावस्था गर्ने<br>• सडक सुरक्षा र ट्राफिक नियम र चिन्हहरूको प्रयोग गर्ने |
| ७. | जनसंख्या विस्थापन | हुँदैन | • प्रस्ताव कार्यबाट जनसंख्या विस्थापन हुनेगरीको कुनै प्रभाव नपर्ने | |
| ८. | खेतियोग्य जमिनको सुरक्षा/कृषि उत्पादन | वढ्छ | • उत्खनन् कार्यबाट खोला आफ्नो प्राकृतिक वहावको क्षेत्र भएर बहने भएकोले खोला किनारमा भएका खेतहरुको सुरक्षा हुनगई कृषि उत्पादन वढ्न जाने ।<br>• सिचाइ कुलाहरूको सुरक्षा हुने । | |
| ९. | कामदार बिच भै झगडा | हुन्छ | • कामगरेको पैसा लिने दिने सम्बन्धमा<br>• कसले कहाँ, कुन क्षेत्रमा र कति नजिक क्षेत्रबाट संकलन र उत्खनन गर्ने सम्बन्धमा<br>• जाँड रक्सी खाएर | • काम सम्पन्न भैसकेपछि ठेकेदार/ट्रक-ट्याक्टर व्यावसायीहरूले कामदारहरुलाई कवोल रकम उपलब्ध गराउने<br>• कार्य स्थलमा जाँड रक्सी खान नपाइने<br>• कामदारहरूको बोलिचाली र व्यावहारमा सरलता र एक आपसमा सम्मान झल्कीने हुनुपर्ने |
| १०. | वस्ती विस्तार एवं खोला अतिक्रमण | हुदैन | | |
| ११. | पैदलयात्रीको सुरक्षा | असर नपर्ने | • संकलन गर्ने स्थान र पैदल यात्रुको बाटो फरक-फरक भएको कारणले पैदलयात्रुहरूको सुरक्षामा खासै | |

| | | | | |
|---|---|---|---|---|
| | | | नकारात्मक प्रभाव पर्दैन | |
| १२. | स्थानीय वासिन्दाहरुको स्वास्थ्य सुरक्षा | नकारात्मक | • धुँवा, धुलो र ध्वनीको प्रदुषणबाट स्थानीय वासिन्दाहरुको स्वास्थ्यमा असर पुर्याउने<br>• सडक दुर्घटना बढ्न् | • ढुवानीको क्रममा वस्ती, विद्यालय वा स्वास्थ्य सँस्थाको नजिकमा लामो आवाज र हर्न बजाउन निषेधगर्ने<br>• रात्रीको समयमा संकलन उत्खनन तथा ट्रक-ट्याक्टरहरूको संचालनमा रोक लगाउनु पर्ने<br>• सडक सुरक्षा र ट्राफिक नियम र चिन्हहरूको प्रयोग बढाउने |
| **ग.जैविक वातावरण** | | | | |
| १. | माछा एव अन्य जलचरमा पर्ने प्रभाव | नकारात्मक | • नदीमा माछा, गगंटा समाउने मार्ने कार्य<br>• नदी भित्रबाट ढुङ्गा, गिटी, बालुवा निकाल्ने कार्य<br>• नदीमा ट्रक/ट्याक्टर धुने | • माछा, गंगटा मार्ने समाउने कार्य गर्न नदिने<br>• प्रस्ताव कार्य नदीको बहाव भएको क्षेत्राट नगर्ने<br>• ट्रक-ट्याक्टर नदीमा लाने, सफा गर्ने, डिजल पोख्ने जस्ता काम नगर्ने |
| २. | वन्यजस्तुको आवतजावत बासस्थान | आशिंक असर पर्ने | • ढुंगा, गिटी, बालुवा उत्खनन्, संकलन वा ढुवानी सम्वन्धि कार्यबाट वन्यजस्तुको आवत जावत तथा बासस्थानमा सामान्यतया नकारात्मक प्रभाव नपर्ने | |
| ३. | गैह्र कानुनी सिकार | सम्भावना ज्यादै कम भएको | • प्रस्तावित उत्खनन् तथा संकलन क्षेत्र छेउछाउ सार्वजनिक, सामुदायिक वनजंगल नभएको | |
| ४. | वन्यजन्तु तथावन पैदावरको गैह्र कानुनी व्यापार | संभावना न्यून | • प्रस्तावित उत्खनन् तथा संकलन क्षेत्र छेउछाउ सार्वजनिक, सामुदायिक वनजंगल भएतापनी खासै असर नगर्ने | |
| **घ. रासायनिक वातावरण** | | | | |
| १. | इन्धन, लुब्रिकेन्टस, अम्ल | हुन्छ | • पुराना तथा समयमा मर्मत नगरेका | • ट्रक-ट्याक्टरहरू राम्रो अवस्थाको हुनु पर्दछ |

| | | | | |
|---|---|---|---|---|
| | तथा अन्य रसायानहरूको चुहावट | | ट्रक-ट्याक्टरहरूबाट डिजेल वा अन्य लुब्रिकेन्टस चुवाहट हुने संभावना छ<br>• जथाभावी ट्रक-ट्याक्टरहरू पार्किङ्ग गर्ने, बनाउनाले पनि रसायनको चुहावट हुन जान्छ | • पुराना र मर्मत नगरेका साधनहरूबाट ढुवानी कार्यमा रोक लगाउनु पर्दछ<br>• जथाभावी पार्किङ्ग गर्ने प्रवृत्तिलाई रोक्नु पर्दछ<br>• एक निश्चित ठाउँमा ग्यारेजको व्यवस्था गर्नु पर्दछ |
| २. | धुलो एवं धुवा उत्सर्जन | हुन्छ | • बाटो कच्ची भएको<br>• ट्रक-ट्याक्टरहरूको बाक्लो ओहरदोहर हुनाले | • साँगुरो र कच्ची वाटोलाई मर्मत सुधार गर्ने<br>• बढी धुँवा उत्सर्जन गर्ने ट्रक-ट्याक्टरहरूको आवजावतमा रोक लगाउने |

प्र.

## अध्याय आठ : प्रभाव बढोत्तरीकरण एवं न्युनिकरण गर्ने उपायहरू (Impact Mitigation and Enhancement Measures)

### ८.१ सकरात्मक प्रभाव बढोत्तरीकरण गर्ने उपायहरू

- खोलाको वहाव रोक्ने गरी थुप्रिएर रहेको अनावश्यक ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन संकलन कार्यबाट खोला आफ्नो प्राकृतिक वहाव क्षेत्र भएर बग्ने गर्दछ, यसबाट खोला वस्ती वा खेती भूमि तर्फ पस्ने र खोला कटान कार्य पनि कम हुन जान्छ ।
- उत्खनन् कार्यबाट प्रभावित क्षेत्रका मानिसहरुलाई आवश्यक पर्ने निर्माण सामाग्रीहरु उचित मुल्यमा उपलब्ध हुन जान्छ ।
- प्रस्तावित कार्यबाट स्थानीय खेत वस्तीहरुको सुरक्षा हुन्छ ।
- स्थानीय सडक आवश्यकतानुसार मर्मत सुधार गर्नाले बाटोको गुणस्तरमा वृद्धि हुन जान्छ । यसबाट मानिस, वस्तु तथा सेवाहरूको आवतजावतमा सरल हुन जान्छ ।
- प्रस्ताव कार्यबाट गाउँपालिकाको आफ्नो आन्तरिक आय बढाउँदछ ।
- प्रस्ताव कार्यको कार्यान्वयनबाट स्थानीय मानिसहरूले रोजगारका अवसरहरु पाउँदछन् । यसबाट उनीहरूको जीवनस्तरमा सुधार आउँदछ ।

**यस्ता सकरात्मक प्रभावहरूको बढोत्तरीकरण गर्न निम्न उपायहरू अपनाउनु पर्दछ ।**

- बाटो सुधार मर्मतको लागि सम्वन्धित ठेकेदार वा व्यवसायीहरूले आवश्यकता अनुसार प्राविधिक, भौतिक तथा आर्थिक सहयोग गर्नुपर्दछ ।
- तोकिएको स्थानमा तोकिएको परिमाणमा मात्र ढुङ्गा, गिट्टी तथा बालुवा संकलन तथा ढुवानी गर्नुपर्दछ ।
- संकलन कार्यमा स्थानीय बासिन्दाहरूको रोजगारीलाई विशेष प्राथमिकता दिनु पर्दछ ।
- स्वास्थ्य र सुरक्षा सम्बन्धित स्थानीय बासिन्दाहरू, कामदार र ट्रक-ट्याक्टर व्यवसायीहरूलाई अभिमुखिकरण गर्नु पर्दछ ।
- कृषिलाई व्यावसायिकरण गर्न स्थानीय मानिसहरूलाई थप तालीम तथा सेवाहरूको व्यावस्था गर्नु पर्दछ ।
- खोला, पुल, कुलो, खेत तथा अन्य आसपासको वातावरण संरक्षण सम्बन्धि स्थानीय युवा/बासिन्दाहरूलाई चेतना मुलक कार्यक्रमहरु दिनु पर्दछ ।

गाउँपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा सिफारिस गरिएका ठाउँहरूबाट तोकिएको परिमाणमा मात्र ढुङ्गा, गिट्टी बालुवाको संकलन तथा ढुवानी गर्न अनुमति दिनु पर्दछ। यसको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएका स्थानहरुमा कहाँबाट निकाल्न मिल्ने र कहाँ बाट नमिल्ने हो त्यसको सिमाङ्कन गर्ने, होर्डिङ बोर्ड राख्ने वा सुचना दिई सम्बन्धित व्यावसायीहरूसँग गाउँपालिकाले सम्झौता गरी कार्यन्वयन गर्नुपर्दछ, भने यस बाहेकका कार्यहरू जस्तै कामदारहरूलाई स्वास्थ्य सुरक्षा सम्बन्धि तालिम दिने, प्राथमिक उपचारका सामाग्रीहरु राख्ने जस्ता कामहरू सम्बन्धित ठेकेदार वा व्यवासायीहरूले नै गर्नु पर्दछ।

तालिका १४ मा सकरात्मक प्रभाव बढोत्तरी गर्ने उपायहरूको बारेमा उल्लेख गरिएको छ।

## तालिका १४ : सकरात्मक प्रभावहरू बढोत्तरीकरण गर्ने उपायहरू

| क्रियाकलापहरु | सकरात्मक प्रभावहरू | सम्बन्धित सकरात्मक असरहरू | प्रभावको प्रकार | | | | | प्रभाव बढाउने उपायहरू | उपाय कार्यान्वयन गर्न लाग्ने खर्च (ने.रु.) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | आकार | विस्तार | अवधि | कुल योगफल/कात महत्वपूर्ण | | | |
| संकलन/उत्खनन | बाढी तथा अन्य जल उत्पन्न प्रकोपहरूको न्युनिकरण | धनजनको कम क्षती | १ | २० | १० | ५-१० | १ | तोकिएको ठाउँबाट सिफारिस गरे अनुसारको परिमाणमा मात्र संकलन तथा उत्खनन गर्ने | २०,००० | गा.पा. ठेकेदार/व्यावसायी |
| | स्थानीय तहको आन्तरिक आयस्रोतमा वृद्धि | अपुरा तथा संचालित/संचालन गर्न तयारीमा रहेका योजनाहरूको कार्यन्वयनमा सहजता | १ | ६० | २० | ५ | १ | स्थानीय कृषि र पूर्वाधार तथा स्रोत सरक्षणको क्षेत्रमा लगानी वढाउने | १५,००० | गा.पा. |
| | रोजगारका अवसरहरूको सृजना | स्थानीय बासिन्दाहरूको जीवनस्तरमा वृद्धि हुन जाने | १ | २० | १०-२० | ५-१० | १ | स्थानीय बासिन्दाहरूलाई प्राथमिकता दिने | ० | ठेकेदार/व्यावसायीहरू |

नोट:
**प्रभावको पकार प्रकृति:** प्रत्यक्ष (१), अप्रत्यक्ष (२)
**आकार:** निम्न (१०), मध्यम (२०), उच्च (६०)
**विस्तार:** उत्खनन/संकलन क्षेत्र (१०), स्थानीय (२०), क्षेत्रीय (६०)
**अवधि:** लामोसमय (५ वर्ष भन्दा बढी) (२०), मध्यम (१-५ वर्ष) (१०), अल्पकालिन (१ वर्ष भन्दा कम) (५)
**महत्वपूर्ण स्तर:** वढी (१), मध्यम ठिकै (२), कम (३)

## ८.२ प्रभाव न्यूनीकरण गर्ने उपायहरू

### ८.२.१ सामाजिक-आर्थिक क्षेत्रमा पर्ने प्रतिकुल प्रभाव न्यूनिकरणका उपायहरू

- स्थानीय बासिन्दाहरू र कामदारहरूलाई सामाजिक एकता, सम्वन्ध, मूल्य र मान्यता बढाई राख्न चेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ।
- गा.पा., निर्माण व्यावसायीहरू, वडा र स्थानीय समुदायबीच उत्खनन् कार्य कार्यान्वयन गर्नु पूर्व अन्तरक्रिया वा छलफल गरिने छ । यस्तो अन्तरक्रिया प्रस्ताव कार्यान्वयन, सिफारिस गरिएका ठाउँहरू र निकाल्न मिल्ने परिमाण र स्थानीय बासिन्दा, ठेकेदार वा व्यावसायी तथा गाउँपालिको प्रस्ताव कार्यान्वयन गर्ने सम्बन्धमा उनीहरुले खेल्ने भूमिका सँग सम्बन्धित हुनेछ ।
- आचार संहिता तयार पारी सोही अनुसार दण्ड र जरीवानाको व्यवस्था लागु गर्ने, तासजुवा मादक पदार्थ तथा वेश्यावृत्ति जस्ता कार्य गर्ने र गराउनेलाई सामाजिक रूपमा बहिस्कार र कानुनी उपचारका लागि जिल्ला प्रशासन, प्रहरी वा अदालतमा जिम्मा लगाइने छ ।
- स्थानीय युवा क्लव र वासिन्दाहरूले प्रस्ताव कार्यान्वयन गर्दा आउन सक्ने प्रतिकुल प्रभावहरूको बारेमा सचेत हुने, उत्खनन् तथा संकलन कार्यको अवलोकन गरिने छ।
- स्वास्थ्य र सुरक्षाको क्षेत्रमा निम्न उपायहरू अपनाइने छ ।
  - कामदारहरूलाई प्रर्याप्त अभिमूखिकरण गर्ने ।
  - हेल्मेट, पञ्जा, माक्स तथा सांकेतिक कपडा लगाउनु पर्ने ।
  - उत्खनन/संकलन ठाउँको रेखदेख, निरिक्षण गर्ने ।
  - प्राथमिक उपचारका सामाग्रीहरूको तयारी गर्ने ।
  - खुल्ला दिशालाई निरुत्साहित गर्न कार्यस्थलमा अस्थायी शौचालयको व्यवस्था गर्ने ।
  - सडक सुरक्षा र ट्राफिक नियम र चिन्हहरूको प्रयोग बढाउने ।
  - ट्रक-ट्याक्टर ड्राइभर र सहयोगीहरूलाई सहि तरिकाले गाडी संचालन गर्न निर्देशन दिने र भए नभएको वडा तथा स्थानीय सरोकारवालाहरुबाट अनुगमन गर्ने ।
- आर्थिक क्षेत्रमा पर्ने नकारात्मक प्रभावहरूको न्युनिकरण गर्न निम्न उपायहरू अवलम्बन गरिने छ।
  - स्थानीय कृषकहरूलाई बेमौसमी तरकारी खेती, उन्नतजातका बाखा पालन तथा बजार व्यवस्थापनको लागि प्राविधिक सहयोग तथा तालिमको व्यावस्था गरिने छ ।
  - आसपासको क्षेत्रबाट ढुङ्गा, गिट्टी बालुवा संकलन तथा उत्खनन गरेवापत नियम अनुसार तोकिएको रकम स्थानीय क्षेत्रको विकास निर्माणको लागि छुट्याइने छ ।

## ८.२.२ भौतिक प्रभावलाई न्युनिकरण गर्ने उपायहरू

- प्रस्ताव कार्यन्वयन गर्ने क्रममा काँहाबाट, कति परिमाणमा, कुन समयमा, कस्ता औजारहरुको माध्यमबाट ढुङ्गा, बालुवा, गिट्टी संकलन तथा उत्खनन गर्ने हो सो को विवरण सहितको होडिङ्ग बोर्ड प्रस्तावित क्षेत्रमा राखिने छ। होडिङ्ग बोर्डको नमुना **अनुसुची २** मा राखिएको छ।
- पानीको वहाव भएको क्षेत्रबाट संकलन उत्खनन कार्य गर्न रोक लगाइने छ।
- खोला किनाराहरूको संरक्षण र खोला किनारामा भएका खेती योग्य जग्गा, तथा अन्य भौतिक पूर्वाधारहरूको संरक्षणको लागि खोला किनारी भाग बाट संकलन तथा उत्खनन कार्य नगर्ने। यसो गरेमा संभावित बाढी तथा पहिरोको प्रभाव बाट आसपासको क्षेत्र सुरक्षित हुनजान्छ।
- खोला किनाराहरूको संरक्षण र खोला किनारामा भएका कुला, खेती योग्य जग्गा, तथा अन्य भौतिक पूर्वाधारहरूको संरक्षणको लागि खोला किनारी भागमा सहभागितामूलक वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ।
- बाटो विग्रेको, खाल्डाखुल्डी परेको वा नाली विग्रेको ठाउँमा आवश्यकतानुसार मर्मत सुधार गरी बाटोको गुणस्तर कायम राख्नु पर्दछ। साथै सडकको दिगोपनाको लागि गह्रौ ट्रक-ट्रीपरहरूको आवतजावतमा कम गर्नु पर्दछ। बालुवा, ढुङ्गा, गिट्टी ओसार्ने कार्यमा साना ट्रक-ट्रिपर वा ट्याक्टरको प्रयोग गर्नु पर्दछ।
- ट्रक-ट्रिपर-ट्याकटर बाट निस्कने ध्वनी प्रदुषणलाई कमगर्न रात्रीको समयमा संकलन तथा ढुवानी कार्य नगराउने र प्रेसर हर्नको प्रयोगमा रोक लगाइनेछ ।

## ८.२.३ जैविक प्रभावहरूलाई न्यूनिकरण गर्ने उपायहरू

- प्रस्ताव कार्यन्वयन गर्ने क्रममा के काम गर्नु हुन्छ र के हुँदैन भन्ने बारेमा स्पष्ट रूपमा प्रस्तावपत्र (Bid Documents) मा नै उल्लेख गरिने छ।
- स्थानीय क्षेत्रमा पाइने जीवजन्तु तथा वनस्पतिहरू संरक्षण गर्ने सम्वन्धमा कामदार र स्थानीय मानिसहरूलाई प्रर्याप्त अभिमुखिकरण दिइने छ।
- जलचरहरूको सुरक्षाको लागि पानीको वहाव भएको क्षेत्रमा संकलन तथा उत्खनन गरिने छैन।
- रसायन वा अन्य कुनै किसिमको विष्फोटक पदार्थहरूको प्रयोग गरिने छैन।
- धुलोबाट वनस्पतिहरूको प्राकृतिक वृद्धि तथा मानव स्वास्थ्यमा समेत प्रतिकुल प्रभाव पार्ने भएकोले खासगरी हिउँदको समय बाटोमा विस्तारै गाडी चलाउने सम्भव भएमा पानी छर्कने व्यावस्था गरिने छ।

माथि उल्लेखित प्रतिकुल प्रभावहरू र तिनको प्रकृतिलाई तालिका १५ मा देखाइएको छ।

तालिका १५ : प्रतिकुल (नकरात्मक) प्रभावहरू र न्यूनिकरण गर्ने उपायहरू

| क्रियाकलापहरू | नकरात्मक प्रभावहरू | सम्वन्धित नकरात्मक असरहरू | प्रभावको किसिम/प्रकार | | | | | प्रभाव न्यूनिकारणका उपायहरू | प्रभाव न्यूनीकरण खर्च (ने.रु.) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | आकार | विस्तार | अवधि | महत्वपूर्णको स्तर | | | |
| **भौतिक वातावरण** | | | | | | | | | | |
| संकलन तथा उत्खनन | खोला गहिरिने | • स्थानीय सिचाई कुलाहरू सुक्ने<br>• किनारी क्षेत्रमा कटान हुनजाने | १ | २० | २० | १०-२० | १ | • खोलाको वहाव क्षेत्रमा प्रस्तावीत कार्य नगर्ने<br>• प्रस्ताव कार्यन्वयन गर्ने कममा, उत्खनन् क्षेत्र, उत्खनन् मात्रा, र अवधि समय, र औजारहरुको विवरण सहितको होडिङ्ग बोर्ड प्रस्तावित क्षेत्रमा राख्ने । | ५,००० | गाउँपालिकाको इन्जिनियर ठेकेदार व्यावसायीहरु, स्थांनीय बासिन्दाहरु |
| | खोलाको सतह/किनारी क्षयिकरण बढ्न जाने | किनारी भागमा कटान, पहिरो तथा क्षयिकरण बढ्न जान्छ | २ | १० | १० | ५-१० | २ | • सीफारिस गरिएको ठाउँ र परिमाणमा मात्र संकलन गर्ने<br>• खोला किनारी क्षेत्रमा सहभागितामूलक वृक्षारोपण कार्यक्रम संचालन गर्ने | ८,००० | गाउँपालिका ठेकेदार ब्यवसायीहरु, स्थानीय बासिन्दाहरु |
| | खोलाले आफ्नो वहावमा परिवर्तन गर्ने | बाढी कटानको खतरा बढ्न जान्छ | २ | २० | १०-२० | ५-१० | १ | • तोकिएको ठाउँमा मात्र संकलन/उत्खनन् गर्ने<br>• खोला किनारी क्षेत्रमा सहभागितामूलक वृक्षारोपण कार्यक्रम संचालन गर्ने<br>• खोला किनारी क्षेत्रमा आवश्यकता अनुसार तारजालीको तटबन्ध वा स्परहरुको ब्यावस्था गर्ने<br>• नदीजन्य पदार्थको संकलनका लागि | १२,००० | गा.पा., वडा कार्यालय, स्थानीय बासिन्दाहरु |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | भएको सम्झौताअनुसार (असोज–जेष्ठ) मा मात्र भएको छ वा छैन त्यसको अनुगमन गरी यदि अन्य समयमा पनि निकालिएको छ भने त्यसको कडाइका साथ अनुगमन गर्ने तथा आवश्यक कारवाही समेत गर्ने | | |
| ढुवानी | जमिन अस्थिर तथा कम्पन हुने | पहिरो तथा अन्य सामुहिक स्खलन बढ्न जाने | २ | १० | १० | ५ | ३ | • सम्भावित अस्थिर क्षेत्रमा तार जाली, ग्याबिन वाल र स्परहरू निर्माण गर्ने<br>• जोखिम युक्त क्षेत्रमा वृक्षारोपण गर्ने | | ठेकेदार / ब्यावसाही, स्थानीय ब्रासिन्दा |
| | स्थानीय कच्ची सडक प्रस्ताव कार्यन्वयनका ठाउँ सम्मको बाटोमा प्रभाव पर्ने | बाटो विग्रीने, खाल्डाखुल्डी पर्ने वा नाली विग्रने | १ | ६० | २० | ५-१० | १ | • सडक विग्रेको, खाल्डाखुल्डी परेको वा नाली विग्रेको ठाउँमा आवश्यकतानुसार मर्मत सुधार गरी बाटोको गुणस्तर कायम राख्ने<br>• सडकको दिगोपनाको लागि गह्रौ ट्रक-ट्रीपरहरूको आवतजावतमा कम गर्ने,<br>• बालुवा, ढुङ्गा, गिट्टी ओसार्ने कार्यमा साना ट्रक-ट्रिपर वा ट्याक्टरको प्रयोग गर्ने<br>• सडक मर्मत तथा सुधार वा कालोपत्रे गर्ने जस्ता कुराहरुमा जि.स.स.,सम्बन्धित डिभिजन सडक कार्यालयसँग समन्वय र सहकार्य गर्ने | • | ठेकेदार / ब्यावसाहीरु गाउँपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **जैविक वातावरण** | | | | | | | | | | |
| संकलन तथा उत्खनन र ढुवानी | जलचर, बोट तथा वनस्पतिहरूको नोक्सान | विभिन्न प्रजातिहरूका जलचर, बोट तथा वनस्पतिहरूको बासस्थानमा परिवर्तन हुने वा नोक्सान हुने | २ | १० | १० | ५ | ३ | • कामदार, ड्राइभर, सहयोगी तथा स्थानीय बासिन्दाहरूलाई स्रोत सरक्षण सम्बन्धित अभिमुखकिरण गर्ने | ६,००० | गाउँपालिका |
| | जीव जन्तु तथा चराचुरूङ्गीहरूको वासस्थानमा परिवर्तन | हराउने | २ | १० | २० | ५ | ३ | • सम्झौता पत्रमा वन, वनस्पती तथा जीवजन्तुको विनास नहुने गरी कार्य गर्ने भन्ने स्पष्ट रूपमा लेख्ने<br>• प्रेसर हर्न नबजाउने<br>• ट्राफिक नियम र चिन्हहरूको प्रयोग बढाउने | ० | ठेकेदार र गाउँपालिका |
| | ध्वनी धुलो प्रदुषण | वनस्पतिको वृद्धिदरमा प्रभाव | १ | २० | १०-२० | ५-१० | २ | • गति सीमित गर्ने तथा ट्राफिक संकेतहरू मान्ने<br>• रात्रीको सयमा संकलन तथा ढुवान नगर्ने | ० | ठेकेदार |
| **रासायनिक वातावरणमा प्रभाव** | | | | | | | | | | |
| संकलन ढुवानी | पानी प्रदुषण | माछा भ्यागुता जस्ता जलचरहरू लोप हुन जाने | १ | ६० | १०-२० | ५ | २ | • पानी वहाव क्षेत्रमा संकलन नगर्ने<br>• पेट्रोलियम पदार्थहरूको चुहावट हुन नदिने<br>• ट्रक-ट्याक्टरहरूको अवस्था ठीक/राम्रो हुनु पर्ने | ० | ठेकेदार व्यावसायीहरू |
| | वायु प्रदुषण | कामदार तथा स्थानीय बासिन्दाहरूमा रूघाँखोकी लगायत ENT सम्बन्धी रोगहरू लाग्ने | १ | २० | १०-२० | ५-१० | २ | • काम गर्ने कामदारले माक्स प्रयोग गर्ने<br>• प्राथमिक उपचारका साधनहरू राख्ने | ५,००० | गाउँपालिका र ठेकेदार व्यावसायीहरू |



प्रि.

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | माटो प्रदुषण | पेट्रोलियम पदार्थको चुहावट हुन जाने | २ | २० | १० | ५ | १ | • ट्रक-ट्याक्टरहरुको समय समयमा चेक जाँच गरिरहने<br>• ट्रक-ट्याक्टरहरूको पार्किङ्ग गर्ने र मर्मत गर्ने प्रयोजनको लागि एक निश्चित ठाउँ उपलब्ध गराउने | ० | ठेकेदार व्यावसायीहरू/ स्थानीय वासिन्दाहरु |
| | जनस्वास्थ्यमा प्रभाव | फोहोर मैला बढ्न जाने चोटपटक लाग्ने | १ | ६० | १० | ५-१० | १ | • प्रस्ताव ठाउँमा अस्थायी शौचालय बनाउने<br>• प्राथमिक उपचारका सामाग्रीहरू राख्ने<br>• स्वास्थ्य शिविरको व्यवस्थापन गर्ने<br>• हेल्मेट, पञ्जा, माक्स जुत्ता जस्ता सुरक्षाका साधनहरूको प्रयोग गर्ने• | ५,००० | वडा कार्यालय र ठेकेदार व्यावसायीहरू |
| **सामाजिक-आर्थिक वातावरण** | | | | | | | | | | |
| संकलन उत्खनन र ढुवानी | सार्वजनीक स्वास्थ्य/जनस्वास्थ्यमा प्रतिकुल प्रभाव | जथाभावी फोहोर दिशापिसाव हुन जान्छ | १ | ६० | १०-२० | ५ | १ | • प्रस्ताव क्षेत्रमा अस्थायी शौचालय निर्माण गर्नु पर्ने | ८,००० | ठेकेदार र वडा कार्यालय |
| | | कामको सिलसिलामा चोटपटक लाग्न सक्छ | १ | ६० | १०-२० | ५ | १ | • प्राथमिक उपचारको सामाग्रीहरूको व्यावथा गर्नु पर्दछ | ५,००० | ठेकेदार र वडा कार्यालय |
| | | फोहोरपानी र धुलो-धुँवा को कारणले स्थानीय बासिन्दाहरूमा ENT सम्बन्धि रोग लाग्न सक्छ। | १ | ६० | १०-२० | ५ | १ | • कामदारहरूलाई स्वच्छ खानेपानीको व्यवस्था गर्ने<br>• ठेक्का अवधिभरमा कम्तीमा एक पटक स्वास्थ्य सिविर राख्नु पर्ने | ८,००० | गा.पा./ठेकेदार |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नदि अतिक्रमण | सुकुम्बासीबस्तीको विस्तार हुन जाने | १ | २० | २० | ५ | २ | • अवलोकन कार्यलाई प्रभावकारी बनाउने<br>• सुकुम्बासी बसोबास कार्यलाई निरुत्साहित गर्न सुरक्षाको बढी प्रभावकारी बनाउने<br>• स्थानीय बासिन्दा र राजनैतिक पार्टीहरूमा समन्वयन बढाउनुपर्ने<br>• स्थानीय प्रहरी चौकी, स्थानीय बासिन्दा, राजनैतिक पार्टी तथा वडाबिचमा समन्बय बढाउनु पर्ने | १५,००० | गाउँपालिका/ठेकेदार, राजनैतिक पाटी |

<u>नोटः</u>
**प्रभावको प्रकार प्रकृतिः** प्रत्यक्ष (१), अप्रत्यक्ष (२)
**आकारः** निम्न (१०), मध्यम (२०), उच्च (६०)
**विस्तारः** उत्खनन/संकलन क्षेत्र (१०), स्थानीय (२०), क्षेत्रीय (६०)
**अवधिः** लामोसमय (५ वर्ष भन्दा बढी) (२०), मध्यम (१-५ वर्ष) (१०), अल्पकालिन (१वर्ष भन्दा कम) (५)
**महत्वपूर्ण स्तरः** बढी (१), मध्यम ठिकै (२), कम (३)

## अध्याय नौं : वातावरणीय व्यावस्थापन योजना (Environmental Management Plan)

### ९.१ वातावरणीय अनुगमन (Environmental Monitoring)

प्रस्ताव कार्यान्वयन गर्नु पूर्व, गर्दै गरेको समयमा र सम्पन्न भइसके पछि वातावरणमा के कस्तो प्रभाव परेको छ त्यसको बारेमा अनुगमन कार्य गर्नु जरुरी छ। यसको साथै अनुगमन कार्यबाट नै प्रस्ताव पत्र (Bid Document) मा उल्लेखित शर्त बमोजिम र प्रारम्भिक वातावरणीय परीक्षणले सिफारिस गरेको ठाउँमा, सिफारिस गरिएको परिमाणमा ढुङ्गा गिट्टी, बालुवा निकाल्ने कार्य गरेको छ कि छैन, प्रभाव बढोत्तरीकरण वा न्युनिकरणका उपायहरू अवलम्बन गरिएको छ कि छैन भन्ने कुराको जानकारी हुन जान्छ। त्यसैले प्रस्ताव कार्यान्वयनको विभिन्न अवस्थाहरूमा अनुगमन कामलाई तिब्रता दिनुपर्दछ। ढुङ्गा, गिट्टी, बालुवा संकलन उत्खनन र ढुवानीको अवस्थामा गरिने अनुगमन कार्यमा फरक-फरक सुचांकहरू हुन्छन् जसलाई तल उल्लेख गरिएको छ।

### संकलन उत्खननको समय

संकलन उत्खननको समयमा अनुगमन गर्दा निम्न सुचांकहरूमा ध्यान दिइने छ :

- IEE प्रतिवेदनले सिफारिस गरेको ठाउँ र परिमाणमा संकलन वा उत्खनन गरेको छ कि छैन
- खोलाको प्राकृतिक वहाव र यसमा परेको प्रभाव
- वाढी, पहिरो तथा क्षयिकरणलाई न्यूनिकरण गर्ने वा जलउत्पन्न प्रकोपबाट भएमा प्रतिकुल प्रभावहरूको न्यूनिकरणका उपायहरू
- वन वनस्पति तथा बन्यजन्तु र चराचुरुङ्गीहरूको वासस्थानमा नोक्सान वा हानी
- सार्वजनिक जमिन, निजी खेत, सिचाई कुलो र बाँध लगायत अन्य समुदायिक पूर्वाधारहरूको अतिक्रमण वा हानी
- नीजि सम्पत्ति घर खेतमा परेको प्रभाव
- खोलाको अवस्था, ढुङ्गा, गिट्टी, बालुवाको उपलब्धता/अवस्था
- प्रस्ताव कार्यन्वयन क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरूको र कामदारहरूको स्वास्थ्यमा परेको प्रभाव (जनस्वास्थ्यमा परेको प्रभाव)
- गैह्र कानुनी सिकार, बोट वनस्पति तथा जीवजन्तुहरूको गैह्र कानुनी रूमपा प्रयोग गरेको छ कि छैन।

**खानीको अवस्था**

खानीको सयमा वातावरणमा परेको र पर्न सक्ने प्रतिकुल प्रभावहरूको अनुगमन गर्दा निम्न पक्षहरूमा ध्यान पुऱ्याइने छ ।

- पहुँच मार्गको अवस्था
- ट्रक-ट्याक्टर वा अन्य यातायातका साधनहरूको आवतजावतको वारम्बारता र तिनीहरूको किसिमहरू
- प्रस्ताव कार्यान्वयन गर्दा संलग्न जनशक्ति, तिनिहरूको क्रियाकलाप र संख्या
- बाटो इजाजत (route permission) र यातायातका साधनहरूको आवतजावत
- प्रदुषणको अवस्था
- धुलो तथा धुवाको अवस्था, धुलो प्रभावित क्षेत्र
- ट्राफिक नियमको पालना

## ९.२ वातावरणीय व्यवस्थापनका लागि जिम्मेवारी निकायहरू

तालिका १६ : वातावरणीय व्यावस्थापनका लागि जिम्मेवारी निकायहरू, तिनीहरूको जिम्मेवारी तथा अनुगमन गर्ने माध्यम/तरिका

| क्र.सं | क्रियाकलापहरु | तरिका/प्रकृया | जिम्मेवारी निकायहरू |
|---|---|---|---|
| १. | • प्रस्तावको पूर्ण रूपमा कार्यान्वयन गर्ने जिम्मा<br>• IEE प्रतिवेदनका आधारमा ठेक्का लगाउने, र IEE प्रतिवेदनको आधारमा प्रस्ताव पत्र (Bid Document) सम्झौतापत्र तयार पार्ने<br>• IEE प्रतिवेदनमा उल्लेख गरिए अनुसारको वातावरणीय अनुगमन कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने | • खोला र संकलन क्षेत्रको स्थलगत अवलोकन<br>• IEE प्रतिवेदन अध्ययन र पुनरावलोकन<br>• सम्झौता पत्र<br>• स्थानीयहरूसँग छलफल/अन्तरक्रिया र प्रतिवेदन तयार | गाउँपालिका |
| २. | • TOR को अध्ययन र स्वीकृति प्रदान गर्ने<br>• वातावरणीय अनुगमन<br>• IEE प्रतिवेदन अध्ययन र स्विकृती | • IEE प्रतिवेदन अध्ययन र स्विकृती | जिल्ला समन्वय समति, चितवन् |
| ३. | • गा.पा.सँगको समन्वयमा रहेर प्रस्ताव कार्यन्वयन गर्न सहयोग पुऱ्याउनु पर्ने<br>• वातावरणीय अनुगमन<br>• आवश्यकतानुसार गा.पा.लाई सल्लाह र सुझाव दिने<br>• आवश्यकता अनुसार खोला किनारी क्षेत्रहरुको संरक्षण, तटबन्धन, तार जाली वा स्परको व्यावस्था गर्ने | • स्थलगत अवलोकन<br>• IEE प्रतिवेदनको अध्ययन<br>• प्रतिवेदन तयारी<br>• स्थानीयहरूसँग छलफल/अन्तरक्रिया | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय |
| ४. | • गा.पा.सँगको समन्वयमा रहेर प्रस्ताव कार्यन्वयन गर्न सहयोग गर्ने<br>• वातावरणीय अनुगमन | • स्थलगत अवलोकन<br>• IEE प्रतिवेदन अध्ययन | जिल्ला समन्वय समति, चितवन |
| ५. | • वातावरणीय अनुगमन<br>• आवश्यकतानुसार गा.पा.लाई सल्लाह र सुझाव दिने<br>• बाटो विग्रेको, खाल्डाखुल्डी परेको वा नाली विग्रेको ठाउँमा सरोकारहरु सँग समन्वय र सहकार्य गर्दै मर्मत सुधार गरी बाटोको गुणस्तर कायम | • IEE प्रतिवेदनको अध्ययन<br>• स्थलगत अवलोकन<br>• छलफल/अन्तरकृया | सडक डिभिजन कार्यालय |

| | | | |
|---|---|---|---|
| | राख्ने | | |
| ६. | • IEE प्रतिवेदनमा उल्लेखित प्रभावहरू र प्रभाव न्युनिकरणका उपायहरूको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन गर्ने<br>• सिफारिस गरिएका ठाउँहरू र आसपास क्षेत्रको वातावरणीय अवलोकन | • IEE प्रतिवेदनको अध्ययन<br>• स्थलगत अवलोकन<br>• छलफल / अन्तरकृया | जिल्ला समन्वय समति, चितवन |
| ७. | • IEE प्रतिवेदनमा उल्लेखित प्रभावहरू र प्रभाव न्युनिकरणका उपायहरूको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन गर्ने<br>• सिफारिस गरिएका ठाउँहरू र आसपास क्षेत्रको वातावरणीय अवलोकन<br>• प्रस्ताव कार्यान्वयनको कममा समय-समयमा स्थलगत अनुगमन गरी गाउँपालिकाको योजना अधिकृत वा प्रमुख प्रशासकिय अधिकृत समक्ष जानकारी गराउने | • IEE प्रतिवेदनको अध्ययन<br>• स्थलगत अवलोकन<br>• छलफल / अन्तरकृया | गाउँपालिका |
| ८. | • IEE प्रतिवेदनले सिफारिस गरेको स्थान / ठाउँहरूबाट मात्र ढुङ्गा, गिट्टी बालुवा संकलन उत्खनन गर्ने<br>• प्रभाव बढोत्तरीकरणका उपायहरूको पूर्ण रूपले प्रभावकारी कार्यान्वयन गर्ने<br>• संकलन उत्खनन तथा ढुवानी कार्यको सन्दर्भमा स्थानीय बासिन्दाहरू, कामदार तथा अन्य सरोकारवालाहरूसँग समय समयमा छलफल अन्तरक्रिया गर्ने<br>• संकलन उत्खनन र ढुवानी कार्यबाट भएका / हुनसक्ने असरहरूको अवलोकन गर्ने<br>• गा.पा.को सम्पर्कमा रहेर प्रस्ताव कार्यान्वयन सम्बन्धि अन्तरक्रिया गर्ने | • स्थलगत अध्ययन अवलोकन<br>• IEE प्रतिवेदन अध्ययन<br>• स्थानीय बासिन्दा तथा अन्य सरोकारवालाहरूसँग अन्तरक्रिया छलफल<br>• गा.पा.मा अन्तरक्रिया | ठेकेदार / व्यावसायीहरू |
| ९. | • प्रस्ताव कार्यान्वयन गर्ने सन्दर्भमा अनुगमन र सुझाव दिने<br>• मापदण्ड अनुरुप उत्खनन् भए नभएको नियन्त्रण र व्यावस्थापनमा सक्रिय सहभागी हुने<br>• चोरी निकासी वा अनियन्त्रित ढंगबाट हुने कियाकलापलाई नियन्त्रण गर्ने | • स्थलगत अध्ययन / अवलोकन<br>• अन्तरक्रिया<br>• अभिलेख राख्ने<br>• प्रतिवेदन तयारी | स्थानीय बासिन्दाहरू |

## ९.३ अनुगमन तथा वातावरणीय व्यावस्थापन योजना र समय तालिका

तालिका १७ : अनुगमन तथा वातावरणीय व्यवस्थापन योजना

| अनुगनमको प्रकार | विषयवस्तु | सुचकहरू | तरिका/विधि | समय तालिका | कुल रकम | जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| आधाररेखा अनुगमन | वाढी मैदानको अवस्था | बाढी, प्रकोपको नियमित अनुगमन | स्थलगत अवलोकन | प्रस्ताव कार्यान्वयनको ठिक अगाडी र पछाडी वर्षादको समयमा प्रतिवर्ष २ पटक | १०,००० | जिल्ला अनुगमन तथा समन्वय समिति |
| | पहिरो, खोला किनारा कटान तथा अन्य समुह स्खलन | खोलाले धार परिवर्तन गरेको स्थान र पहिरो गएको स्थानको निरिक्षण र नियन्त्रण | स्थलगत अवलोकन, छलफल तथा अन्तरक्रिया र कार्यान्वयन | हरेक महिनाको १ पटक | २०,००० | गाउँपालिका र जिल्ला समन्वय समिति |
| | वन वनस्पति तथा जीवजन्तुहरूको आवतजावत तथा वासस्थान | माथिल्लो जलाधार क्षेत्रमा पर्ने वनमा पाइने वनस्पति, बन्यजन्तुको संरक्षण | वृक्षारोपण, चोरीसिकारी नियन्त्रण र तारजली व्यावस्थापन | वर्षमा कम्तिमा चार पटक | १५,००० | जिल्ला समन्वय समति, चितवन र गा.पा. |
| नियमपालना (Compliance) अनुगमन | टेण्डर/सम्झौता पत्र, IEE प्रतिवेदनले सिफारिस गरेका पक्षहरू (प्रभाव बढोत्तरी वा न्युनिकरका उपायहरू) | • टेण्डर आव्हान, ठेकेदारहरुको छनोट,<br>• IEE प्रतिवेदनले उल्लेख गरेका प्रभाव बढोत्तरी र न्यूनीकरण सम्वन्धी उपायहरुको कार्यान्वयन | वोलपत्र निर्माण, सुचना प्रकाशन तथा ठेकेदार छनोट<br>वातावरण व्यावस्थापन योजनाको कार्यान्वयन | टेण्डर/सम्झौता गरिसकेपछि लगत्तै, र प्रस्ताव कार्यान्वयनको क्रममा (विचमा) तथा आवश्यक्ताअनुसार | ४५,००० | गाउँपालिका |
| | टेण्डर/सम्झौता पत्रमा | भौतिक वातावरण र | IEE प्रतिवेदन को | सम्झौता वा | ० | गाउँपालिका |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उल्लेख गरे बमोजिमको वातावरणीय पक्षहरूलाई ध्यानमा दिएको छ कि छैन | सामाजिक वातावरणमा प्रस्तावित कार्यले पार्ने सकरात्मक प्रभाव र नकरात्मक प्रभावको कार्यान्वयन तथा मुल्याङ्कन | अध्ययन छलफल/ अन्तरक्रिया ठेकेदार/ व्यावसायीहरूले पेशगरेका कागजात पत्रहरूको अध्ययन स्थान अवलोकन र सुझाव प्रदान | निर्माणसम्पन्नको समयमा | | |
| | ठेकेदारले प्रस्ताव कार्यान्वयन गर्ने सन्दर्भमा अपनाएको विधि, काम गर्ने तौरतरिका, खेरजाने पदार्थ थुपार्ने, ग्यारेज आदि | • उत्खनन् विधिको अवलोकन<br>• प्रयोग भएका साधनहरुको अध्ययन<br>• उत्खनन् बाट उत्पादन भएका खेर जाने बस्तु Waste Product को विसर्जन विधि | स्थलगत अध्ययन, आवलोकन | गा.पा. बाट हरेक महिना तथा वडाबाट साप्ताहिक रुपमा | ४,००० | गा.पा./वडा स्थानीय बासिन्दा |
| | प्रतिकुल प्रभाव न्युनिकरणका उपायहरूको कार्यान्वयन तथा विस्तृत डिजाइन | • भौतिक वातावरणमा परेको प्रभाव<br>• सामाजिक तथा सास्कृतिक वातावरणमा परेको प्रभाव | स्थलगत अवलोकन IEE प्रतिवेदन अध्ययन/पुनरावलोकन | टेण्डर स्वीकृत गर्ने बेलामा, प्रस्ताव कार्यान्वयनको शुरु, विच र अन्त्यमा वा आवश्यक्ताअनुसार | ५,००० | गाउँपालिका इन्जिनियर |
| | नीजि तथा सार्वजनिक सम्पत्तीहरूको सुरक्षा, पूर्वाधारको निर्माण, सुधार मर्मतको लागि छुट्याएको रकम | • नीजि तथा सार्वजनिक सम्पतिको स्थिति<br>• पुल पुलेसा सडक बाटो आदिको अवस्था | स्थलगत अवलोकन, IEE प्रतिवेदन पुनरावलोकन प्रभाव अनुगमन र मापन | टेण्डर स्वीकृत हुनुभन्दा अगाडी पेश गरेको विस्तृत डिजाइन, सम्झौता वा कागजपत्रहरू र प्रभाव पछिको | ४,००० | जि.स.स. र गा.पा. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | अवस्था वा आवश्यक्ताअनुसार | | |
| प्रभाव अवलोकन | खोला, खोला किनारा, बाढीको मैदान, जमिनमा परेको प्रभाव | • उत्खनन् स्थानहरुको अवस्था<br>• खोलाको बाहव तथा सतहको स्थिति<br>• खोलाको किनारी भागको स्थिति<br>• सामुदायिक स्तरका सार्वजनिक सम्पति तथा सामाजिक मुल्य मान्यताको स्थिति | स्थलगत अवलोकन, अध्ययन<br>IEE प्रतिवेदन पुनरावलोकन र पृष्ठपोषण प्रदान | मासिक वा आवश्यक्ताअनुसार | ४५,००० | जि.स.स. र गा.पा. |
| | हावापानी र ध्वनी प्रदुषण | हावापानीको अवस्थामा देखिएको विचलन ध्वनी प्रदुषण, वायु प्रदुषण | स्थानीयहरुको अवधारणा संकलन ध्वनी र वायु प्रदुषणको मापन | वर्षमा कम्तीमा दुई पटक (प्रस्ताव कार्यान्वयनको शुरुमा र अन्त्यमा) | ८,००० | गा.पा. / स्थानीय समुदाय, विज्ञटोली |
| | स्थानीय वन वनस्पति तथा वन्यजन्तु / चराचुरूङ्गीहरूको अवस्था र आवतजावत | वन वनस्पति तथा जीवजन्तुहरूको अवस्था जन्तु जनावरको पद चिन्ह | स्थलगत / क्षेत्र अवलोकन<br>वन उपभोक्ता समुहहरूसँग अन्तरक्रिया | वर्षमा कम्तीमा दुई पटक (प्रस्ताव कार्यान्वयनको शुरुमा र अन्त्यमा) | १०,००० | गा.पा. स्थानीय समुदाय, विज्ञटोली |
| | जलचर | माछाका जातीको अवस्था<br>अन्य जलचरहरुको अवस्था | स्थलगत / क्षेत्र अवलोकन / अध्ययन स्थानीय बासिन्दाहरूसँग अन्तरक्रिया | वर्षमा कम्तीमा दुई पटक (प्रस्ताव कार्यान्वयको अगाडी र पछी ) | ८,००० | गा.पा. र विज्ञ टोली |
| | सामाजिक रूपमा गलत क्रियाकलापहरू । | • सामाजिक, सास्कृतिक मान्यतामा आएको | स्थानीय बासिन्दाहरू सँग अन्तरक्रिया | वर्षमा कम्तीमा दुई पटक (प्रस्ताव | ५,००० | गा.पा. स्थानीय युवा क्लव |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | असामाजिक क्रियाकलाप) | परिबर्तन<br>• युवा वर्गमा देखिएको व्यावहारगत स्थिति, धर्म संस्कृति, परम्परा र मुल्यमान्यताको अवस्था | स्थानीय प्रहरी वा सुरक्षा निकायंग अन्तरक्रिया | कार्यान्वयनको अगाडी पछाडी) वा आवश्यक्ताअनुसार | | |
| | स्वास्थ्य र सरसफाई | • संक्रमीत रोगहरुको स्थिति<br>• उपचारको अवस्था<br>• जनस्वास्थको स्थिति | स्थानीय बासिन्दा र स्वास्थ्य कार्यकर्ताहरूसँग छलफल अन्तरक्रिया | कम्तिमा वर्षको दुईपटक (प्रस्ताव कार्यान्वयनको अगाडी र पछाडी) वा आवश्यक्ताअनुसार | ५,००० | गा.पा.को स्वास्थ्य शाखा र वडा कार्यालय |
| | पहुँच मार्ग | • गोरेटो बाटोको अवस्था<br>• मौसमी मोटर चल्ने सडकको स्थिति<br>• पुल पुलेसाको स्थिति | स्थलगत अवलोकन IEE प्रतिवेदनको पुनरावलोकन | कम्तीमा वर्षमा तिन पटक (प्रस्ताव कार्यन्वयनको शुरु, मध्य र अन्त्यमा) वा आवश्यक्ताअनुसार | ५,००० | जि.स.स. ठेकेदार/व्यावसायीहरू स्थानीय बासिन्दा |
| | भू-उपयोग | • भु उपयोग (कृषि, वन, जल र बगर) क्षेत्रको स्थिति<br>• कृषि प्रणाली र खेती गर्ने तरिका<br>• बस्ती विकास बस्ती बिस्तार सार्वजनिक सम्पतिको संरक्षण | अवलोकन, छलफल | कम्तिमा वर्षको दुईपटक (प्रस्ताव कार्यान्वयनको अगाडी र पछाडी) वा आवश्यक्ताअनुसार | १३,००० | जि.स.स., गा.पा. र विज्ञ टोली |

## ९.४ अनुगमन र न्युनिकरणको खर्चको विवरण


तालिका १८ : अनुगमन र न्युनिकरणको लागि अनुमानीत खर्च (सारांश)

| विवरण | अनुमानित लागत (रु) |
| --- | --- |
| प्रभाव बढोत्तरी कारणका उपायहरू<br>-जनचेतनामुलक तथा चेतनामुलक कार्यक्रम | ६०,००० |
| प्रतिकुल प्रभाव न्युनिकरणका उपायहरू<br>- पेशागत स्वास्थ्य र सुरक्षा<br>- जलउत्पन्न प्रकोप न्युनिकरण | ४०,०००<br>३५,००० |
| वातावरणीय अनुगमन लागत | ५५,००० |
| संकलन गर्ने ठाउँ, मात्रा, अवधि तथा समय आदीको सुचना दिने होर्डिङ्ग बोर्डहरुको तयारी | ३०,००० |
| कुल खर्च | २,२०,००० |

## ९.५ वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन गर्ने सांगठनिक संरचना

प्रस्तावित कुरिनघाट खोला, बारबागं खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदीको सोता बगरको बगरबाट नदीजन्य पदार्थको उत्खनन तथा संकलन कार्य संचालनमा वातावरणीय व्यवस्थापन, वातावरण संरक्षण तथा वातावरणीय अनुगमन कार्यहरु गर्नका लागि प्रस्तावित कुरिनघाट खोला, बारबागं खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदीको सोता बगरको बगरबाट नदीजन्य पदार्थको उत्खनन तथा संकलन कार्यको प्रस्तावक गाउँपालिकाको राजस्व तथा वातावरण शाखालाई वातावरण व्यवस्थापन एकाईको रुपमा स्थापना गर्नुपर्छ । यो वातावरण व्यवस्थापन तथा अनुगमन एकाइले कुरिनघाट खोला, बारबागं खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदीको सोता बगरको बगरबाट वा अन्य खोलाहरुबाट नदीजन्य पदार्थको उत्खनन तथा संकलन कार्य सम्बन्धी आउने भौतिक, जैविक, सामाजिक, सांस्कृतिक धार्मिक तथा आर्थिक सवालहरुको सहज रुपमा समाधान गरी नदीजन्य पदार्थको उत्खनन तथा संकलन कार्य संचालनमा उपयुक्त वातावरण सृजना गर्नु पर्नेछ । यसरी स्थापना हुने वातावरण व्यवस्थापन तथा अनुगमन एकाइले गाउँपालिका स्थित संघ संस्था एवम् कार्यालयहरु र स्थानीय टोलबासी संघ संस्थाहरुसगं समन्वयकारी भूमिका पुरा गरी प्राप्त सुझावलाई कार्यान्वयन गर्ने गराउने निकायको रुपमा काम गर्नेछ । यसको सांगठनिक ढाँचा निम्नानुसार बमोजिम हुनेछ ।

## वातावरण व्यवस्थापन सांगठनिक ढाँचा




### १६ वातावरणीय अनुगमन

वातावरणीय संरक्षणका उपायहरुको कार्यान्वयन सम्वन्धी अनुगमनले प्रस्तावको भविष्यबाणी (Predictiied ) गरेको र वास्तविक प्रभावहरुबीच तार्किक तुलना गर्ने, अधार प्रदान गर्दछ। वातावरणीय अनुगमनले विशेष गरेर नदीजन्य पदार्थ उत्खनन् तथा संकलन कार्यका कारण वातावरणमा असर पार्ने निर्धारक पक्ष सम्वन्धी जानकारी संकलन गर्ने, नदीजन्य पदार्थ उत्खनन् तथा संकलन कार्य विद्यमान कानूनी मान्यता अनुरुप संचालन भए नभएको र वातावरणीय संरक्षणका उपायहरुको कार्यान्वयन तथा प्रभावको मात्रा आदिको अध्ययन गर्ने काम गर्दछ । वातावरणीय अनुगमनबाट भविष्यबाणी गर्न नसकेका प्रभाव र आवश्यक न्यूनीकरण कार्यान्वयनका उपायहरु उपलब्ध गराउँछ।

वातावरण संरक्षण नियमावली २०५४ को दफा १३ बमोजिम प्रस्तावित नदीजन्य पदार्थ उत्खनन् तथा संकलन कार्य कार्यन्वयनबाट वातावरणमा पर्ने प्रभावको अनुगमन गर्ने निकाय वातावरण मन्त्रालय, संघीय तथा सामान्य प्रशासन मन्त्रालय र जिल्ला स्थित अनुगमन समिति आदी हुन । यो नियमावलीले

अनुगमन संयन्त्रलाई अतिरिक्त वातावरणीय प्रभाव नियन्त्रण गर्ने उपायहरु ग्रहण गर्न आवश्यक वातावरणीय अनुगमनका प्रकार, पारामिटर, अवस्थिति, समयतालिका र जिम्मेवारी समेत व्यवस्थापन गर्ने अधिकार क्षेत्र वातावरण संरक्षण नियमावलीले स्पष्ट गरेको छ ।

**सामान्यतया अनुगमन निम्न तीन पक्षमा गर्न आवश्यक हुन्छ ।**

### ९.६.१ आधारभूत अनुगमन (Baseline Monitoring)

यो अनुगमन प्रस्तावित कार्य थालनी पूर्व अवस्थाको वातावरणीय पारामिटरको जानकारीका लागि गरिने हुँदा यसलाई पूर्व लेखाजोखाको अध्ययन (Pre-audit study) भनिन्छ । यो एक प्रकारको सर्भेक्षण हो । जसले परियोजना पूर्वको भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक स्रोत, साधन र सम्पदाको अभिलेखिकरण गर्ने काम गर्दछ । सामान्यतया प्रारम्भिक वातावरणीय परीक्षण लगतै प्रस्तावित उत्खनन कार्य कार्यन्वयन गर्ने हो भने यो अनुगमनको आवश्यकता पर्दैन । तर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी र निर्माण कार्य थालनी बीच समयको केही अन्तराल भए त्यो अवधिमा देखि नै वातावरणीय परिवर्तन हुने भएकाले यो अनुगमन आवश्यक हुन्छ ।

### ९.६.२ प्रक्रियागत अनुगमन (Compliance Monitoring)

यो अनुगमन प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख गरेका वातावरणीय आवश्यकताको कार्यन्वयन अवस्था संचालन चरणमा पुरा गराएका छन वा छैनन त्यसको लेखाजोखा गर्न गरिने अनुगमन हो । यसले आवधिक नमूना वा निरन्तर अभिलेखबाट वातावरण मूल्याङ्कन प्रतिवेदनमा उल्लेख पारामिटर तथा शर्तहरु कार्यान्वयनमा मद्दत गर्दछ । यो परिस्थिति, प्रस्तावक, संगठन र व्यक्तिहरुका लागि फरक-फरक हुन्छ । तर प्रस्तावकले निम्न कुरा सुनिश्चित गर्नुपर्छ ।

- वातावरणीय व्यवस्थापन योजना बोलपत्रमा समावेश गर्ने ।
- वातावरणीय व्यवस्थापन योजना कार्यन्वयनको लागि आवश्यक बजेटको व्यवस्था गर्ने ।
- सामाजिक सेवा सुविधा तथा धार्मिक, सांस्कृतिक पक्षको सम्वर्द्धन गर्ने ।

### ९.६.३ प्रभाव अनुगमन (Impact Monitorig)

पहिचान तथा भविष्यबाणी गरिएका प्रभावहरुको मूल्याङ्कन गर्न प्रभाव अनुगमन गरिन्छ । प्रभाव अनुगमन प्रक्रियामा ग्रहण गरिएका न्यूनीकरणका उपायहरु र तिनीहरुको प्रभावकारितालाई परिक्षण गरिन्छ ।

## ९.७ अनुगमन संयन्त्र (Monitoring Mechanism)

प्रस्तावक गाउँपालिकाले वातावरणीय व्यवस्थापनका आवश्यक प्रकृया निर्माण गरी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा पहिचान गरिएका न्यूनीकरणका उपायहरु अनुगमन गर्ने वातावरणीय अनुगमन योजना तयार गर्नेछ । यो अनुगमन योजना नदीजन्य पदार्थ उत्खनन् कार्य संचालन अवधिको लागि बनाइन्छ । वातावरणीय अनुगमन कार्यन्वयन नदीजन्य पदार्थ उत्खनन् कार्य हरेक नयाँ चरणमा प्रस्तावित नदीजन्य पदार्थ उत्खनन् कार्य संचालनसँग सम्वद्ध एवम् सरोकार राख्ने संघ संस्थाको

...कीकृत प्रयासबाट गरिने अनुगमन हो । त्यसैले प्रस्तावित नदीजन्य पदार्थ उत्खनन् कार्यको वातावरणीय अनुगमन संयन्त्रको नमूना केन्द्र, प्रदेश सरकारले भने बमोजिम तल प्रस्तुत गरिएको छ ।

**...ीय मामिला तथा स्थानीय विकास मन्त्रालय २०७३ को नदीजन्य पदार्थ संकलन र उत्खनन् कार्यका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदंन तयारी तथा स्वीकृती सम्वन्धि मार्गदर्शनमा उल्लेख गरिएको जिल्ला स्तरीय अनुगमन तथा समन्वय समितिको ढाँचा**

| | |
|---|---|
| प्रमुख जिल्ला अधिकारी | संयोजक |
| जिल्ला प्रहरी प्रमुख | सदस्य |
| सशस्त्र प्रहरी बल, प्रमुख | सदस्य |
| जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय, प्रमुख वा सो नभएको जिल्लामा डिभिजन/सब डिभिजन सिचाइ कार्यालय प्रमुख | सदस्य |
| डिभिजन वन अधिकृत | सदस्य |
| जिल्ला भूसंरक्षण अधिकृत | सदस्य |
| जल उत्पन्न प्रकोप नियन्त्रण डि.का. प्रमुख | सदस्य |
| स्थानीय भन्सार कार्यालय | सदस्य |
| जिल्ला समन्वय अधिकारी | सदस्य सचिव |

**त्यस्तै प्रदेश सरकार अर्न्तगत उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयले तयार गरेको नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि २०७५ को मस्यौदाले सिफारिस गरिएको जिल्ला स्तरीय अनुगमन समिति**

| | |
|---|---|
| जिल्ला समन्वय समितिको प्रमुख | संयोजक |
| सम्बन्धित स्थानीय तहको प्रमुख | सदस्य |
| मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधि | सदस्य |
| आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रतिनिधि | सदस्य |
| जिल्ला प्रशासन कार्यालयले तोकेको अधिकृत प्रतिनिधि | सदस्य |
| भौतिक पूर्वाधार विकास मन्त्रालय वा अर्न्तगत कार्यालयको अधिकृत वा इन्जिनियर प्रतिनिधि | सदस्य |
| डिभिजन वन कार्यालयको अधिकृत प्रतिनिधि | सदस्य |
| जिल्ला प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिध | सदस्य |
| सम्बन्धित स्थानीय तहको प्रशासकिय अधिकृत वा निजले तोको प्रतिनिधि | सदस्य |
| जिल्ला समन्वय समितिको अधिकृत प्रतिनिधि | सदस्य सचिव |

**त्यसैगरी प्रदेश सरकार अर्न्तगत उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयले तयार गरेको नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि २०७५ को मस्यौदाले सिफारिस गरिएको स्थानीय तह स्तरीय अनुगमन समिति**

| | |
|---|---|
| स्थानीय तहको प्रमुख | संयोजक |

| | |
|---|---|
| सम्वन्धित स्थानीय तहको वातावरण समितिको अध्यक्ष | सदस्य |
| सम्वन्धित स्थानीय तहको प्राविधिक इन्जिनियर/सब इन्जिनियर | सदस्य |
| सम्वन्धित सव डिभिजन वन कार्यालयको प्रतिनिधि | सदस्य |
| सम्वन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| सम्वन्धित प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| सम्वन्धित स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृत | सदस्य सचिव |

**त्यसै गरी प्रस्ताव कार्यान्वयन हुने वडामा वडा स्तरीय पनि अनुगमन संयन्त्र मार्फत अनुगमन गरेमा अनुगमन प्रभावकारी हुने तथा वातावरण संरक्षणमा टेवा पुऱ्याउन सहयोग हुन्छ। त्यसैले वडा स्तरीय अनुगमन समितिको ढाँचा निम्नानुसार प्रस्ताव गरिएको छ।**

| | |
|---|---|
| सम्वन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| सामुदायिक वनको प्रतिनिधि | सदस्य |
| गाउँपालिकाकले तोकेको वा वडामा कार्यरत सब इन्जिनियर | सदस्य |
| सम्वन्धित वडाको वडा सदस्य १ जना | सदस्य |
| सम्वन्धित वडाको वडा सचिव | सदस्य सचिव |

## अध्याय दश : निष्कर्ष (Conclusion)

### १०.१ निष्कर्ष (Conclusion)

प्रस्तावित कार्य मध्य पहाडी क्षेत्रमा पर्ने कुरिनघाट खोला, बारबागं खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदीको सोता बगरबगरमा पर्ने हुनाले वातावरणीय दृष्टिकोणले खासै संवेदनशील नभएता पनि प्रस्ताव कार्यान्वयन गर्दा सावधानी अपनाउनु आवश्यक देखिन्छ । तोकिएको ठाउँबाट तोकिएको परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा संकलन उत्खनन् कार्यले जलउत्पन्न प्रकोप-न्यूनिकरण हुन सहयोग नै पुग्दछ । कुरिनघाट खोला, बारबागं खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदीको सोता बगरमा थुप्रीएर रहेको बालुवा तथा गिट्टीहरूको सही रूपमा उपयोग गरेमा भौतिक र जैविक वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव नपरेता पनि सिफारिस गरिएका ठाउँ छेउछाउँमा रहेका खेत तथा सिचाई कुला, र वस्तीहरूमा केही प्रभाव पर्ने देखिन्छ तर त्यस्ता प्रभावहरू अल्पकालिन, स्थानीय स्तरको र कम महत्व राख्ने खालका हुनाले यस प्रतिवेदनमा सिफारिस गरिएका न्यूनिकरणका उपायहरू होसियारी पूर्वक अवलम्बन गरेमा प्रस्ताव कार्यान्वयन गर्न कुनै प्रकारको कठिनाई हुँदैन । प्रस्तावको प्रभावकारी कार्यान्वयनको लागि गा.पा. वडा र स्थानीय बासिन्दाहरूको अनुगमन धेरै नै महत्वपूर्ण हुन जान्छ । प्रस्ताव कार्यन्वयन गर्ने क्रममा काँहावाट, कति परिमाणमा, कुन समयमा, कति अवधि सम्म, कस्ता औजारहरुको माध्यमबाट ढुङ्गा, बालुवा, गिट्टी संकलन तथा उत्खनन गर्ने हो सो को विवरण सहितको होडिङ्ग बोर्ड प्रस्तावित क्षेत्रमा राखी प्रस्ताव कार्यान्वयन गरिने छ ।

**यस बाहेक संभावित प्रतिकुल प्रभावहरूलाई न्यूनिकरण गर्दै दिगो स्रोत व्यावस्थापनको लागि थप निम्न पक्षहरूमा ध्यान दिइने छ ।**

### <u>प्रस्ताव कार्यान्वियनका सुझाव (केन्द्र तथा प्रदेशस्तरमा)</u>

- सविंधानको प्रावधान अनुसार वालुवा गिट्टि र ढुगां उत्खनन्, उत्पादन र बजारीकरण एवं स्रोत नदी संरक्षण सम्वन्धी स्पष्ट नीति खाँका तयार गरी विद्यमान गैरकानुनी तरिकाले उत्खनन् हुने गरेको अवस्थालाई नियन्त्रण गर्ने ।
- नदी जन्य पदार्थको उत्खनन्, उत्पादन र प्रशोधनवाट प्राप्त हुने निर्माण सामाग्रीहरु पहिलो प्राथमिकतामा स्थानीय वजारमा उपलब्ध गराउने नीतिगत स्पष्टता गर्ने ।
- नदीजन्य पदार्थको ढुवानीमा प्रयोग हुने सडकको स्तरोन्नती र मापदण्ड स्पष्ट रुपमा निर्धारण गर्ने ।

## प्रस्ताव कार्यान्वयनका सुझाव (जिसस स्तरमा)

- स्थानीयतह तथा नगरपालिका स्थित सरकारी तथा सरोकारवाला निकायहरुसँग समन्वय एवं समझदारीको विकास गर्ने ।
- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले सिफारिस गरे बमोजिम अनुगमन मुल्याकंन तथा सुपरिवेक्षण कार्य प्रभावकारी ढंगमा संचालन गरी स्रोतको सही प्रयोग गराउने ।
- संकलित राजस्वको तोकिएको अशं स्रोत नदी खोला संरक्षण, सम्वन्धित स्थानीय तह, अग्र क्षेत्र र सम्वन्धित निकायविच बाडफांड गर्ने प्रणालीका लागि सहजिकरण गर्ने ।

## प्रस्ताव कार्यान्वयनका सुझाव (स्थानीय तहस्तरमा)

- नदी तथा नदीजन्य पदार्थको उत्खनन् उत्पादन प्रशोधन विक्री वितरण तथा बजारीकरणका लागि कार्यविधि तयार गरी कार्यान्वयन गर्ने ।

**(नोट : केन्द्र तथा प्रदेश सरकारले बनाउने कार्यविधिलाई आधार बनाई गाउँपालिकाले पनि आफ्नै कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सकेमा अनुगमन तथा नियमन कार्य प्रभावकारी हुनमा सहयोग पुग्ने)**

- खोला नदीको क्षेत्राधिकार (**River right of Way**) निर्धारण गर्ने ।
- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले उल्लेख गरे अनुसार वातावरणीय व्यावस्थापन योजना कार्यान्वयनको सुनिश्चितता गरी उत्खनन् कार्यको ठेक्का पट्टा गर्ने ।
- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले उल्लेख गरेको कुल राजश्वको ३० प्रतिशत रकम स्रोत नदी संरक्षण तथा क्षतिपुर्तिमा खर्च गर्ने प्रणालीको सुनिश्चिता गर्ने ।

  **(नोट : ३० प्रतिशत रकम विनियोजन गर्न सकेमा स्थानीय विकास निर्माणका कार्यहरु आयआर्जनका क्रियाकलापहरु जस्ता कार्यमा लगानी गर्न सकिन्छ । साथै संकलन गरिएको राजश्वको प्रयोग गरिब तथा विपन्न वर्गको जिवन सुधारका क्षेत्रमा लगानी गर्ने । )**

- संकलित राजश्वको कुल रकममध्ये २१ देखी ३० प्रतिशतसम्म सम्वन्धित स्थानीय सम्वन्धित वडा वा क्षेत्रको विकास निर्माण कार्यमै खर्च गर्ने व्यवस्था मिलाउने ।
- नदी खोलाको एकापट्टीबाट उत्खनन् गर्ने प्रचलनको नियन्त्रण गरी खोला वा नदीको दुवै किनाराको सन्तुलित अवस्थामा प्राकृतिक वहाव कायम गर्ने ।
- उत्खनन् उत्पादन प्रशोधन, ढुवानी र खपत प्रक्रियामा प्राविधिक तथा वातावरणीय सिद्धान्त अनुरुप तोकिएको उत्खनन् प्रविधि र वातावरणीय व्यावस्थापन योजनाको पूर्ण प्रयोग गर्ने ।

- उत्खनन्का लागि IEE प्रतिवेदनले उल्लेख गरेका खोलाहरुको उत्खनन् सम्भाव्य क्षेत्रहरुको वातावरणीय संरक्षण स्रोतको दिगो उपयोगका लागि एकिकृत जलाधार व्यावस्थापन पद्धतिलाई अवलम्बन गर्ने ।

- खोला किनाराको २० मि. वरपर र खेतीयोग्यजमिन आसपासको क्षेत्रमा संकलन उत्खनन कार्य गरिने छैन प्रस्ताव कार्यान्वय पूर्व नै सम्वन्धित ठेकेदार/व्यावसायीहरूले नगरपालिका प्रतिनिधिको रहोवरमा स्थानीय बासिन्दाहरूसगँ IEE प्रतिवेदन र सम्झौता पत्रमा उल्लेख गरिएका शर्तहरू समेतलाई ध्यानमा राखेर छलफल तथा अन्तरक्रिया गर्ने ।

- नदिजन्य पदार्थको दिगो उत्खनन्, संकलनसगँ सम्वन्धित कार्यक्षेत्र बहुविषयक र गाउँपालिका स्थित विभिन्न निकायहरुको कार्यक्षेत्रभित्र पर्ने भएकोले सम्वन्धित सबै निकायहरुको समन्वय र सहकार्यबाट सबै पक्षलाई प्राकृतिक स्रोत, साधन जस्तो सार्वजनिक सम्पतिको व्यावस्थापनमा सक्रिय बनाउने ।

- प्रस्ताव कार्यान्वयन पूर्व नै गाउँपालिकाले स्थानीय राजनैतिक पार्टी प्रतिनिधि, डिभिजन सिंचाई कार्यालय, गाउँपालिका, वन कार्यालय र अन्य सरोकारवालाहरूलाई जानकारी गराई स्वकृति लिनुपर्ने

## प्रस्ताव कार्यान्वयनका सुझाव (उद्यमी व्यावसायीस्तरमा)

- प्रस्ताव कार्यान्वय पूर्व नै सम्वन्धित ठेकेदार/व्यावसायीहरूले गाउँपालिका प्रतिनिधिको रहोवरमा स्थानीय बासिन्दाहरूसँग **IEE** प्रतिवेदन र सम्झौता पत्रमा उल्लेख गरिएका शर्तहरू समेतलाई ध्यानमा राखेर छलफल तथा अन्तरक्रिया गर्ने ।

- उत्खनन् कार्यबाट भएको क्षतिपुर्ति स्थानीय समुदायलाई उपलब्ध गराउने प्रक्रिया विधिबारे सुनिश्चित गराउने ।

- उत्खनन् प्रशोधन, ढुवानी कार्यमा संलग्न कामदारहरुको जिवन सुरक्षाको प्रत्याभुती सार्वजनिक गर्ने ।

- उत्खनन् र उत्पादन गरेको नदीजन्य पदार्थ मागअनुसार स्थानीय बजारलाई पहिलो प्राथमिकतामा उपलब्ध गराउने कुराको सुनिश्चित गर्ने ।

## गाउँपालिकाले ठेकेदार सगँ नदीजन्य पदार्थ संकलन तथा उत्खनन्को लागि गर्ने सम्झौतापत्रमा राख्नुपर्ने महत्वपूर्ण बुदाँहरु

- नदीजन्य पदार्थ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको स्थानबाट मात्र संकलन गर्नुपर्नेछ ।
- नदीजन्य पदार्थको संकलन, उत्खनन्का सम्बन्धमा गाउँपालिका, वडा, जिल्ला स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।
- प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सुचनाको शर्त विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।
- ठेकेदारले उठाउने कर शुल्क कार्यलयद्धारा तोकिएको संकलन केन्द्रमा नै उठाउनुपर्नेछ साथै दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।
- नदीजन्य पदार्थ उत्खनन्को क्रममा उक्त कार्यमा संलग्न हुने मजदुरहरुलाई लक्षित गरी गा.पा. सगँको समन्वयमा बार्षिक १ पटक स्वास्थ्य सिविर राख्नुपर्नेछ ।
- रोजगारीको लागि स्थानीयलाई प्राथमिकता दिइनेछ ।
- उत्खनन् कार्य नदी/खोलाको बिचै बिच भागको च्यानल भन्दा बाहिर गर्न पाइने छैन ।
- कामदारहरुको लागि व्यवसायिक स्वास्थ्य र सुरक्षाको उपायहरु अपनाइने छ ।
- बालबालिकालाई कामदारको रुपमा प्रयोग गरिने छैन ।
- अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन, नियम, कानुन तथा सार्वजनिक खरिद ऐन, नियमावलीको आधारमा गाउँपालिकाले सम्झौता गराइ कार्यन्वयन गराउनुपर्नेछ ।

## सन्दर्भ सामाग्रीहरू


कानुन किताव व्यवस्था समिति (२०७२) *नेपालको सविंधान २०७२,* काठ्माण्डौं: नेपाल सरकार कानुन, न्याय, सविंधानसभा तथा संसदिय मामिला मन्त्रालय

कानुन किताव व्यवस्था समिति (२०७४) स्थानीय सरकार संचालन ऐन २०७४, काठ्माण्डौं: नेपाल सरकार कानुन, न्याय, सविंधानसभा तथा संसदिय मामिला मन्त्रालय

गा.पा. (२०७५). इच्छाकामना गाउँपालिकाको कुरिनघाट खोला, बारबागं खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदीको सोता बगर नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) संकलन तथा उत्खननको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन (IEE) का लागि तयार पारिएको कार्यसूचि

गा.पा. (२०७५) गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को बजेट, नीति तथा कार्यक्रम, इच्छाकामना गाउँपालिका

संङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०७०) वातावरण परिक्षण, स्रोत पुस्तक; संङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, काठमाण्ठौ ।

सुचना विभाग (२०३१). मेची देखी महाकाली सम्म, भाग २. सुचना विभाग, श्री ५ को सरकार, काठमाण्डौ ।

सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय, र वन तथा भूसंरक्षण मन्त्रालय, वातावरण माहाशाखाबाट रोडा, ढुङ्गा, गिट्टी तथा वालुवाको नियमन सम्बन्धी प्रतिवेदन कार्यान्वयन सम्बन्धीका बिभिन्न मितिमा प्राप्त पत्रहरु

केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८, काठमाण्डौ ।

Asthana, D.K. & Asthana M. (2005).*Environment : Problems and Solutions.* New Delhi :

Ministry of Environment (2010). Climate Change Vulnerability Mapping for Nepal

National Adaptation Programme of Action (NAPA) to Climate Change. Government of Nepal.

IUCN/NPC., 1993.National EIA Guidelines, Kathmandu, Nepal.

Upreti, B.K., (2003). Environmental Impact Assessment, Kathmandu: Nepal.

Websites

www.ichhakamanamun.gov.np

www.mofald.gov.np

www.cbs.gov.np

## अनुसूची १ : परीक्षण सूची/जाँचसुची एवं प्रश्नावली

### A. Checklist for Physical Environment/Features

| SN | River Status (as per ToR) | | | Physical Features in/around the Rivers | | | | | | | | Watershed Condition |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Dominant Rock | Soil Type | Major Land use | Topography /Aspect | Elevation (Max/Min.) | Status/ Potential Mass Movement (Name of Location & Status) | | | |
| | Name | Type | Length | | | | | | Landslides | Erosion | Flood | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**River Type:** 1. Perennial (Originated from Himalaya and High Mountain and /or Trunk River)
2. Ephemeral/Temporary (Originated from Mid Hill/Mountain and/or major tributaries)
3. Other (e.g. Rivulets and others, originated from Chure or lower Mahabharat)

**Soil Type**: 1. Dominant of Sand/ stone (not suitable for Agriculture)
2. Dominant of Silt (mix of mud and sand appropriate for agriculture)
3. Dominant of Clay (not suitable for agriculture, use mostly for making pots/bricks etc)

**Status of Mass Movement**: 1. Regular/frequently 2. Seasonal/rainy season 3. Rare/occasional

**Watershed Condition**: 1.Conserved (government/community) 2. Human Encroachment

## B. Checklist for Flora and Fauna

### 1. Plant Species

| SN | Plant Species | | | Common Uses | Herbs | | |
|---|---|---|---|---|---|---|---|
| | Common | Endangered | Rare | | Common | Rare | Uses |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

### 2. Wild Animals (Fauna)

| SN | Mammals | | Reptile | | Birds | | Amphibians | Fishes |
|---|---|---|---|---|---|---|---|---|
| | Common | Endangered/Rare | Common | Endangered/Rare | Common | Endangered/Rare | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## C. Checklist for Socio-economic Impact

| SN | Name of Rivers | Existing/Potential Collection Location | Settlements /Villages under Impact | | Types of Impact | | | Cultural Impact (Types) if any | | | Cultural Significance |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Direct Impact (VDC, Ward | Indirect (VDC, Ward | Collection/ Extraction | Collection/ Extraction of | Collection/ Extraction of | Religious Place | Historical Area | Archeological Site (specify) | |

| | | | No and Village Name) | and Village Name) | of Sand | Stone/Gravel | Boulders | (specify) | (specify) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**D. Checklist for Crusher Plant(s)/Collection Centers**

| Parameters | Name of Crusher Plants/Collection Centres | | | |
|---|---|---|---|---|
| Location | | | | |
| Established | | | | |
| No of Workers | | | | |
| No of Vehicles | | | | |
| Types of Collection | | | | |
| Depth of Activities | | | | |
| Types of Material Collection | | | | |
| Range f Collection | | | | |
| Times of Operation | | | | |
| Daily Collection Amount (cu.m) | | | | |
| Daily Export Amount (cu.m) | | | | |
| Export Location/Market | | | | |
| No of Tripper Used | | | | |
| No of Round Trips/day | | | | |
| Running Period/year | | | | |
| Environment Protection Measures (Yes/No) | | | | |
| Air Pollution Control Mechanism (Specify) | | | | |
| Water pollution control Mechanism (specify) | | | | |
| Flood/landslide control Mechanism (Specify) | | | | |
| Sound Control Mechanism (Specify) | | | | |
| Tax and Other Charges Pay (Specify) | | | | |

## E. Checklist for Group Discussion
**(Only for Proposal Impact Zone)**

1. District: 2.VDC: 3. Ward No: 4.Village:

5. a. Direct Impact Zone b. Indirect Impact Zone

**General Information**

6. Population and Settlement
   - 6.1 Number of Household (Approximate)
   - 6.2 Number of Population (Approximate)
   - 6.3 Major Ethnic Groups (%)
     - Brahmin/Chhetri
     - Janajati
     - Dalits
     - Madhesi
     - Backward and Marginal Communities (specify their composition)
   - 6.4 Migration Status
     - Local shift
     - Seasonal
     - Migration from outside (specify)

7. Economic Activities
   - Agriculture
   - Livestock and Dairy
   - Business/trade
   - Service
   - Construction Wage Labour
   - Agriculture Wage Labour
   - Driving/Helpers
   - Carpentry and Masonry
   - Foreign Employment
   - Industries and Handicraft

7.1 Wage Pattern

| Nature of Works | Wage Rate (Rs) | | | | | |
|---|---|---|---|---|---|---|
| | Male | | Female | | Child Labour | |
| | Summer | Winter | Summer | Winter | Summer | Winter |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

7.2 Price of Land/House
- Land (Rs/Ropani/Bigha)

  Khet Bari Pakho

- Houses

7.3 Export Items

| Items | Market/Location | Amount (equal to Rs) |
|---|---|---|
| | | |
| | | |
| | | |

7.4 Potential Income Generating Activities

| Skilled (specify) | Semi-Skilled (specify) | Unskilled (specify) |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

8. Commercial Establishments

| SN | Types | Number | Settlements/Location |
|---|---|---|---|
| 1 | Retails | | |
| 2 | Wholesales | | |
| 3 | Tea stale/Bhatti | | |
| 4 | Hotels and Lodge | | |
| 5 | Hardware | | |
| 6 | Photo Studio | | |
| 7 | Hair Cutting/ Barber | | |
| 8 | Medicine Shop | | |
| 9 | Meat / Egg Shops | | |
| 10 | Ornaments | | |
| 11 | Cloths and Ready mead | | |
| 12 | Cosmetic and Boutique | | |
| 13 | Beauty Parlours | | |
| 14 | Furniture Shop/Industry | | |
| 15 | Dairy | | |
| 16 | Rice/Flour./Oil Mills | | |
| 17 | Photocopy and Stationary | | |
| 18 | Grill/Metal Industry | | |
| 19 | Tire /Cycle Repairing | | |
| 20 | Mobile/Radio/TV repairing | | |
| 21 | Vegetable and Fruits | | |
| 22 | Others (Specify) | | |

9. Institutions

| Institutions | | Govt/Public/Community | Private | Total Number |
|---|---|---|---|---|
| Schools | Primary | | | |
| | Lower Secondary | | | |
| | Secondary/+2 | | | |
| | Campus/College | | | |
| | Others (specify) | | | |
| | | | | |
| Health | Sub-health Post | | | |
| | Health post | | | |
| | Private Clinic | | | |

- Aprox. Amount of sand/gravel/stone/boulders per day
- Export/Markets

13. Interaction with other areas particularly in relation to the movement of people and goods in this locality.

**14. Sand/Gravel/Stone Availability**

| River Section/Location | Potential Availability | | | | | | | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| | Sand | | | Total | Gravel/Stone/Boulder | | | |
| | Length | Width | Depth | | Length | Wide | Approx. Area | |
| | | | | | | | | |
| | | | | | | | | |

14.1 Are the potential proposal sites appropriate (in terms of proposal design)? Specify the technique of proposal implementation.

14.2 Proposal implementation process(es):

14.3 Proposal operation/handle mechanism

14.4 Need requirements:

14.5 Comparative loss and benefit of the proposal:

Losses:

Benefits:

## 15 Checklists for Mitigation and Enhancement Measures

15.1 What kind of impacts due to extraction of sand/stone in this area? (if any crusher operator/collection available in the area).

- Positive
- Negative

If positive impacts, what are these?

If negative impacts, what are these?

15.2 Would you recommend to establish a crusher pant/collection center of sand/stone/boulders?

- Yes
- No

If yes why?

If no why?

15.3 What kind of changes would be in the area if the availability of sand/stone or boulders extracted and exported to outside?

15.4. Could you recommend any alternatives/options of extraction sand/stone in this area?

15.5 In the local community perspective, how could be possible to minimize the negative impact due to extraction of resources? What are the mitigation measures if any negative impact seen due to extraction resources?

15.6 Which mechanism is highly preferable/recommendation by the local community for sustainable extraction of resources? (select one mechanism).

- Compensation
- Protection/conservation
- Improvement/enhancement

If compensation types and why?

If protection/conservation why and by whom?

If improvement/enhancement or minimize the impact how?

16. Works so far done in the context of extraction of local resources (e.g. sand, gravel, stone and boulders), people's awareness about and involvement in these activities, their opinion on the impact of these works etc.?

15.7 What are the development measures people want to see in this area (prioritize them)?

# अनुसूची २ : होर्डिङ बोर्डको नमुना

इच्छाकामना गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
३ नं. प्रदेश, नेपाल

| | |
|---|---|
| ढुङ्गा, गिट्टी, बालुवा निकाल्न इजाजत दिएको चार किल्ला : | ..................... जिल्ला ............... गा.पा. ............ नदी पूर्वमा .............................. पश्चिममा ...................... उत्तरमा ...................... दक्षिणमा ............................ |
| उत्खनन् स्थलको चार किल्ला विवरण : | |
| ठेक्का सम्झौता रकम : | वार्षिक रु. ......................... |
| ठेकेदारको नाम : | |
| सम्झौता अवधि : | मिति ................. देखि ....................सम्म |
| उत्खनन्/संकलन इजाजत परिणाम : | ...............घनमिटर प्रतिदिन ..................... घनमिटर प्रति वर्ष ट्रक संख्या प्रतिदिन ............ |
| उत्खनन् बन्द गरिने महिना : | .................. महिनादेखि ...................... महिनासम्म |
| उत्खनन् गरिने समय : | बिहान ........बजे देखि बेलुकी.............. बजेसम्म |
| उत्खनन् / संकलन विधि : | |
| उत्खनन/संकलन् कार्यमा प्रयोग हुने सामाग्री वा मेशीनरी: | |

अनुसुची ३ : रायसुझाबका लागि प्रकाशित सार्वजनिक सूचना

नागरिक दैनिकमा प्रकाशित

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
३ नं. प्रदेश, नेपाल

## प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी सार्वजनिक सूचना

सूचना प्रकाशन मिति : २०७५/०१/१८

इच्छाकामना गाउँपालिकाको निम्नानुसारको खोलाबाट दिगो रुपमा ढुङ्गा, बालुवा, गिट्टी उत्खनन् तथा संकलन कार्यलाई व्यवस्थित गर्न प्रारम्भिक वातावरणीय परीक्षणा (IEE) प्रतिवेदन तयार गर्ने सिलसिलामा वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ (पछिल्लो संशोधन सहित) को नियम ३ को अनुसूची १ अनुसार वातावरणीय परीक्षण (IEE) अध्ययन गर्नुपर्ने भएकोले उक्त प्रस्ताव कार्यान्वयन हुने देहायका क्षेत्रहरुमा प्रस्तावित कार्यबाट पर्न सक्ने भौतिक, जैविक, सांस्कृतिक, सामाजिक तथा आर्थिक क्षेत्र एवं तिनका अवस्थाहरुमा पर्न सक्ने प्रभावहरुको सन्दर्भमा सम्वन्धित वडा एवं संघसंस्थाहरुलाई यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र आफ्नो अमूल्य राय, सल्लाह एवं सुझाव पठाई सहयोग गरिदिनुहुन अनुरोध छ ।

**प्रभाव पर्ने वडाक्षेत्र**

१. वडा नं. ३, ४, ६ अन्तर्गत पर्ने कुरिनघाट खोला, बारबाट खोला, त्रिशुली नदीको सोता बगर, धारापानी र रिम्दी खोलाका बगरहरु
२. वडा नं. ७ अन्तर्गत पर्ने स्याङदी खोलादेखि तीनकन्या सामुदायिक वन र कालीखोला देउराली सामुदायिक वनको अन्तिम स्थान पुरानो थाङखोला चौकी रहेको स्थानसम्मको खोलाको बगरहरु
३. वडा नं. ७ अन्तर्गत पर्ने सिमलढाप खोलादेखि हरिपुर इलाका वन कार्यालयसम्मको खगेरी खोलाको बगर

राय सुझाव पठाउने ठेगाना:
इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फोन नं. ०५६-४१०१११, ४१०१२२
Email: ichchhakamanaruralmun@gmail.com

फोन नं ०५६-५१०१११
५१०१२२

# इच्छाकामना गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन
३ नं. प्रदेश, नेपाल

प.सं. २०७४/०७५
च.नं.

मिति: २०७५/०१/१६

विषय: सूचना टाँस गरी प्रचार गरी दिने सम्बन्धमा ।

इच्छाकामना गाउँपालिका
४, ५, ६ नं. वडा कार्यालय ।

प्रस्तुत विषयमा यस गाउँपालिकाका विभिन्न स्थानहरुमा प्रारम्भिक वातावरणीय परीक्षण गर्ने सम्वन्धि सूचना यसै साथ संलग्न गरी पठाईएको छ । उक्त सूचना तँहा कार्यालयको सूचना पाटीमा टाँस प्रचार गरी सो को मुचुल्का तथा उक्त सम्बन्धमा वडाको राय प्रतिक्रिया समेत यस गाउँपालिका कार्यालयमा अविलम्ब पठाईदिनुहुन अनुरोध छ ।

............
(नरहरि सापकोटा)
प्रमुख प्रशासकिय-अधिकृत